


# नेपाल ट्रष्ट
# सम्पत्ति व्यवस्थापन सम्बन्धी तथ्य विवरण

नेपाल सरकार
**नेपाल ट्रष्टको कार्यालय**
कमलादी, काठमाडौं, नेपाल ।

# नेपाल ट्रष्ट
# सम्पत्ति व्यवस्थापन सम्बन्धी
# तथ्य विवरण

नेपाल सरकार

**नेपाल ट्रष्टको कार्यालय**

कमलादी, काठमाडौं, नेपाल ।

प्रकाशक
नेपाल सरकार
**नेपाल ट्रष्टको कार्यालय**
कमलादी, काठमाडौं, नेपाल ।



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली

संरक्षक

**नेपाल ट्रष्ट**

# नेपाल ट्रष्ट सञ्चालक समिति



**ईश्वर पोखरेल**
अध्यक्ष
नेपाल ट्रष्ट सञ्चालक समिति
उपप्रधानमन्त्री तथा रक्षामन्त्री

कार्यकारी सचिव
नेपाल ट्रष्टको कार्यालय
सदस्य

सचिव
प्रधानमन्त्री तथा म.प.को कार्यालय
सदस्य



**सीताराम सापकोटा**
सदस्य



**प्रवीणराज दाहाल**
सदस्य



**याङजोम शेर्पा**
सदस्य



**राजेश्वर ज्ञवाली**
सहसचिव एवं सदस्य-सचिव

# मन्तव्य

ऐतिहासिक जनआन्दोलन र शान्तिपूर्ण जनक्रान्तिमा जनताले गरेको मागबमोजिम नेपाल ट्रष्टको स्थापना भएको तथ्य विदितै छ । खासमा २०५८ जेठ १९ गतेको राजदरबार हत्याकाण्डमा वंश विनास हुन पुगेका तत्कालीन राजा वीरेन्द्र र उहाँको परिवारका सदस्यहरूको नाममा रहेको चल अचल सम्पत्ति नै यसको स्वामित्वमा आएको हो ।

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा २४ (१) बमोजिम नेपाल ट्रष्टले प्रत्येक वर्ष आफूले गरेको काम, उपलब्धि, आम्दानी, खर्च, देखिएका समस्या र सो समाधानका उपायहरू समेटिएको वार्षिक प्रतिवेदन पनि तयार गरी प्रकाशित गर्दै आइरहेको छ ।

यसै क्रममा आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन र नेपाल ट्रष्टको सम्पत्ति व्यवस्थापन सम्बन्धी विस्तृत विवरण तयार गरी प्रकाशन गर्न पाउँदा खुसी लागेको छ । नेपाल ट्रष्टको सम्पत्ति र यसको उपयोग सम्बन्धमा विगत केही समयदे खि सार्वजनिक चासो र सरोकार भइरहेको विषयलाई मध्यनजर गर्दै ट्रष्टको सम्पूर्ण गतिविधि, चल-अचल सम्पत्तिको संरक्षण, परिचालन र व्यवस्थापन सम्बन्धमा पार दर्शी तवरले जानकारी दिने प्रयास गरिएको छ । ट्रष्टको सम्पत्ति वृद्धि र सदुपयोग गर्ने कार्यमा यस आर्थिक वर्षमा पनि सफलता हासिल भएको छ । नेपाल ट्रष्टको स्वामित्वमा हालसम्म मुलुकभर १२ जिल्लामा रहेका जग्गाको क्षेत्रफल करिब २१,५६२ रोपनी ४ आना २ पैसा १ दाम रहेको छ ।

यस वर्ष २०७६ पौषसम्ममा नेपाल ट्रष्टको चल सम्पत्तितर्फ नेपाली रूपैयाँ ७८,०९,७७,७९३/०३ पुगेको छ । यसैगरी अमेरिकी डलर १,४८,५८१/१८ र ब्रिटिस पाउन्ड स्टर्लिङ ५०,१२४/५९ समेत बैंकमा मौज्दात रहेको छ । यस्तै शेयरतर्फ नबिल बैंकको सेयर ५,३३,२४४ कित्ता, होटल डेला अन्नपूर्णको ३०,७२० कित्ता र

नेपाल औद्योगिक विकास निगमको ६,७५० कित्तासमेत नेपाल ट्रष्टको स्वामित्वमा रहेको छ ।

ट्रष्टको सम्पत्ति संरक्षण र विकासमा केही चुनौतीहरू पनि देखिएका छन् । बजेटको अपर्याप्ततामा ट्रष्टको सम्पत्ति संरक्षण गर्न कठिनाइ भइरहेको छ । नेपाल ट्रष्टको कार्यालयको कामको प्रकृतिका कारण कर्मचारीहरूका लागि रुचि र आकर्षण नभएको/नदेखिएका कारण तथा कर्मचारीहरूको छिटोछिटो सरुवा हुने कारणले पनि ट्रष्टको लक्ष्य र उद्देश्य हासिल गर्नमा बाधा उत्पन्न गरेको छ। दक्ष कर्मचारी र तिनको स्थायित्वसँगै उत्प्रेरणा जगाई सम्पत्तिको व्यवस्थापनद्वारा आय वृद्धि गरी ट्रष्टको उद्देश्यअनुरूप शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा लगानी गर्ने दिशामा अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । यसतर्फ ट्रष्टले आगामी दिनमा ध्यान पुऱ्याउँदै जानेछ। यो प्रतिवेदनले ट्रष्टको सम्पत्ति र काम कारबाहीबारे पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

नेपाल ट्रष्टको मातहतमा रहेका चलअचल सम्पत्तिको संरक्षण र सदुपयोग एवं यस संस्थाको उद्देश्य प्राप्तिका लागि सबैबाट सहयोग र सुझावको अपेक्षा गरेको छु। नेपाल ट्रष्ट ऐन र नियमावलीको भावना अनुरूप सम्पत्तिको अधिकतम उपयोगमार्फत आयआर्जन वृद्धि गरी शिक्षा, स्वास्थ्य र पर्यटनका क्षेत्रमा लगानी गरी सामाजिक उत्तरदायित्वका कार्यक्रम सञ्चालन गर्न कार्यविधि तयार गरी छिट्टै अगाडि बढ्ने प्रयास शुरु हुन लागेको छ। ट्रष्टको स्वामित्वमा रहेको सम्पत्तिको तथ्य विवरण तयार पार्न निरन्तर खटिई यसलाई पूर्णता दिन अथक परिश्रम गर्ने र यस कार्यमा सहयोग गर्ने सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै, नेपाल ट्रष्टको उद्देश्य प्राप्त गर्न सबै वर्ग, सरकारी तथा निजी क्षेत्रबाट सदैव सहयोग प्राप्त भइरहने आशा र विश्वास व्यक्त गर्दछु।

१ फागुन, २०७६

**ईश्वर पोखरेल**
अध्यक्ष
नेपाल ट्रष्ट सञ्चालक समिति
एवम् उपप्रधानमन्त्री तथा रक्षामन्त्री

# विषय-सूची

**खण्ड (क)** **पृष्ठ**

## सम्पत्ति व्यवस्थापन सम्बन्धी तथ्य विवरण

### *परिच्छेद- एक*


१. नेपाल ट्रष्टको संक्षिप्त परिचय १

१.१. पृष्ठभूमि १

१.२. ट्रष्टको स्थापना सम्बन्धमा भएको कानुनी व्यवस्था १

१.३. ट्रष्टको सम्पत्ति २

१.४. ट्रष्टको सम्पत्तिको प्रयोग ४

१.५. ट्रष्ट सञ्चालक समितिको गठन ५


### *परिच्छेद- दुई*


२.१ जिल्लागत रुपमा प्राप्त अचल सम्पत्ति (जग्गा) को विवरण ७६

२.२ प्राप्त अचल सम्पत्तिहरूको उपयोग एवं संरक्षणको स्थिति ७


### *परिच्छेद- तीन*


३.१ लिजमा दिएका सम्पत्तिहरूको विवरण १७

३.२ छोटो अवधिका लागि भाडामा दिइएको सम्पत्तिहरू २५

## *परिच्छेद- चार*

**४. उपलब्धि, चुनौती र कार्ययोजना**

४.१. उपलब्धिहरू २९

४.२ चुनौतीहरू ३०

४.२.१. नीतिगत तथा कानुनी चुनौती ३०

४.२.२. व्यवस्थापकीय तथा प्रक्रियागत चुनौती ३१

४.३ समाधानका उपायहरू ३२

४.४. नेपाल ट्रष्टको कार्यालयको भावी कार्ययोजना ३३

४.४.१. सम्पत्ति खोजबिन तथा प्रवर्द्धनतर्फ ३३

४.४.२. सम्पत्ति संरक्षणतर्फ ३३

४.४.३. सम्पत्ति उपयोगतर्फ ३४

४.५. व्यवस्थापकीय सुधारतर्फ ३४

## **खण्ड** (ख)

## गोकर्ण राजनिकुञ्ज, दरबारमार्ग र ताहाचलको लिज सम्बन्धी विवरण

### *परिच्छेद- एक*

- गोकर्ण फरेस्ट रिसोर्ट लिज सम्बन्धमा ३६
- दरबारमार्ग र ताहाचलको लिज सम्बन्धमा ४१

### *परिच्छेद- दुई*

मोहीका नाममा सम्पूर्ण नामसारी भएको जग्गाहरूको विवरण ४४

### *परिच्छेद- तीन*

नेपाल ट्रष्टमा थप प्राप्त सम्पत्तिको विवरण ४२

### *अनुसूची- एक*

नेपाल ट्रष्ट गठनको ऐतिहासिक घटनाक्रम ६५

## *अनुसूची- दुई*

(क) नेपाल ट्रष्ट ऐन, २०६४ (पहिलो संशोधन २०७५ समेत) ६८

(ख) नेपाल ट्रष्ट नियमावली, २०६५ ७८

(ग) नेपाल ट्रष्ट (पहिलो संशोधन) नियामावली, २०७६ ८८

## *अनुसूची- तीन*

नेपाल ट्रष्टको सम्पत्ति मोहीको नाममा नामसारी हुँदाको विवरण ९४

## *अनुसूची- चार*

नेपाल ट्रष्ट कार्यालयको संगठन संरचना ११४

## *अनुसूची- पाँच*

नेपाल ट्रष्टको सम्पत्ति रहेका जिल्लाहरू ११५

## *अनुसूची- छ*

नेपाल ट्रष्टले सघन सम्पत्ति खोजबिन कार्यक्रम सम्पन्न गरेका जिल्लाहरू ११६

## *अनुसूची- सात*

तस्वीर खण्ड ११७

# खण्ड (क)

# सम्पत्ति व्यवस्थापन सम्बन्धी तथ्य विवरण

## परिच्छेद- एक

# नेपाल ट्रष्टको संक्षिप्त परिचय

### १.१. पृष्ठभूमि

नेपाल ट्रष्टको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्ने अध्यादेश, २०६४ बमोजिम २०६४ मंसिर ६ गते नेपाल ट्रष्टको स्थापना भएको हो । यसको पृष्ठभूमिमा २०५९ असोज १८ र २०६१ माघ १९ का घटनाहरू र तिनको विरोधमा तत्कालीन आन्दोलनहरूमा उठेको माग प्रमुख रूपमा रहेको देखिन्छ ।[१] तत्पश्चात् यसलाई निरन्तरता प्रदान गर्न नेपाल ट्रष्ट ऐन, २०६४ जारी भएको छ भने सोही ऐनबमोजिम नेपाल ट्रष्ट नियमावली, २०६५ समेत लागु भई ट्रष्टले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको अवस्था छ ।

### १.२. ट्रष्टको स्थापना सम्बन्धमा भएको कानुनी व्यवस्था

मिति २०६४/९/२२ मा जारी भएको नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ ले ट्रष्टको (सम्पत्ति सार्वजनिक हुने क्रममा त्यसको व्यवस्थापन गर्ने विकल्पका

---

१ *पाँच राजनीतिक दलले २०५९ असोज १८ पछि २०६० साउन १७ गते प्रस्तुत गरेका अग्रगामी सुधारका १८ बुँदामध्ये २.४ मा उल्लेख गरिएको थियो : 'राजाको सम्पत्ति नियमित रूपमा सार्वजनिक गर्ने पद्धति निर्माण गर्ने ।'*

रूपमा)[२] स्थापनाका सम्बन्धमा निम्नबमोजिम व्यवस्था गरेको छ :

**ट्रष्टको स्थापना**

१. राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको नाममा रहेको सम्पत्ति यो ऐन प्रारम्भ भएपछि व्यवस्थापन र सञ्चालन गरी राष्ट्रहितमा प्रयोग गर्न नेपाल ट्रष्ट नामको एक ट्रष्ट स्थापना हुनेछ ।

**स्पष्टीकरण :** यस ऐनको प्रयोजनका लागि 'परिवार' भन्नाले राजा वीरेन्द्र, रानी ऐश्वर्य, जेठा छोरा दीपेन्द्र शाह र कान्छा छोरा निराजन शाहलाई सम्झनुपर्छ ।

२. ट्रष्ट एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

३. ट्रष्टले व्यक्तिसरह चल-अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

४. ट्रष्टले व्यक्तिसरह नालिस उजुर गर्न सक्नेछ र ट्रष्टउपर पनि सोही नामबाट नालिस उजुर गर्न सकिनेछ ।

५. ट्रष्टले व्यक्तिसरह करार गर्न र करारबमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्न सक्नेछ ।

६. ट्रष्टको कामकारबाहीका लागि छुट्टै छाप हुनेछ र त्यस्तो छाप समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

## १.३. ट्रष्टको सम्पत्ति

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ ले नेपाल ट्रष्टमा रहने विभिन्न सम्पत्तिको सम्बन्धमा कानुनी व्यवस्था गरेको छ । यसअनुसार आधारभूत रूपमा स्व. राजा वीरेन्द्र, स्व. रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूका नाममा रहेको सम्पत्तिहरूमध्ये नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल ट्रष्टमा ल्याउने भनी निर्णय गरिदिएको सम्पत्ति र स्वर्गीय राजा वीरेन्द्र, स्वर्गीय रानी ऐश्वर्य र निजहरूका परिवारको हक पुगेका कारण प्राप्त सम्पत्ति ट्रष्टअन्तर्गत आएका छन् र

२ *विश्वमा राजतन्त्र : उत्थान, पतन र भविष्य (२०६०)' मा लेखक सूर्य थापाले 'यति धेरै जग्गा जमिन !' शीर्षकमा पहिलो पटक ७ हजार ७ सय ४० रोपनी ८ आना ६ पैसा ७ दाम जग्गा जमिन सार्वजनिक गर्नुभएको थियो ।*

आउने क्रममा पनि छन् । यसबाहेक उक्त ऐनको उद्देश्य पूरा गर्न नेपाल सरकारले ट्रष्टलाई समयसमयमा उपलब्ध गराउने सम्पत्ति र विदेशी सरकार वा अन्य कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाबाट प्राप्त हुन सक्ने सम्पत्ति पनि नेपाल ट्रष्टमा रहने कानुनी व्यवस्था रहेको छ । ट्रष्टमा हालसम्म प्राप्त सम्पत्तिको प्रकृति हेर्दा ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सम्पत्तिहरू मात्र नेपाल ट्रष्टको नाममा कायम हुन आएका छन् ।

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ मा ट्रष्टको सम्पत्ति सम्बन्धमा भएको कानुनी व्यवस्था देहायबमोजिम उल्लेख गरिएको छ :

१. नेपाल सरकारले राष्ट्रियकरण गरी छुट्टै व्यवस्था गरेकोमा बाहेक ट्रष्टमा देहायको सम्पत्ति रहनेछ :

(क) राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहवसान हुँदाका बखत निजहरूका नाममा रहेको सम्पत्ति ट्रष्टअन्तर्गत ल्याउने भनी नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरेको सम्पत्ति,

(ख) खण्ड (क) बमोजिमको सम्पत्तिबाट बढेबढाएको वा त्यस्तो सम्पत्तिबापत यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्राप्त भएको वा यो ऐन प्रारम्भ भएपछि प्राप्त हुने सम्पत्ति,

(ग) राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारलाई कुनै किसिमले प्राप्त भएको वा हुन सक्ने वा निजहरूको हक पुगेको वा पुग्न सक्ने वा निजहरूको हक पुगेको वा पुग्ने अरू कसैको नाममा राखिएको वा बेनामी सम्पत्ति,

(घ) खण्ड (क), (ख) वा (ग) मा लेखिएबाहेक राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारलाई यो ऐन प्रारम्भ भएपछि प्राप्त हुन सक्ने अन्य कुनै सम्पत्ति,

(ङ) नेपाल सरकारले समयसमयमा उपलब्ध गराएको अन्य सम्पत्ति,

(च) विदेशी सरकार वा कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाबाट प्राप्त सम्पत्ति ।

## १.४. ट्रष्टको सम्पत्तिको प्रयोग

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ ले ट्रष्टको सम्पत्तिको प्रयोग सम्बन्धमा समेत स्पष्ट मार्गनिर्देशन गरेको छ। सो दफामा भएको कानुनी व्यवस्था देहायबमोजिम रहेको छ :

१. ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुनेगरी राष्ट्रहितमा प्रयोग हुनेछ ।

२. उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी ट्रष्टको सम्पत्ति देहायको कार्यमा प्रयोग गर्न सकिनेछ :

(क) विद्यालय, महाविद्यालय, विश्वविद्यालयजस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्न वा त्यस्तो संस्था सञ्चालनका लागि अनुदान प्रदान गर्न,

(ख) अस्पताल वा स्वास्थ्य चौकीजस्ता सार्वजनिक प्रयोजनका चिकित्सालय खडा गरी तोकिएबमोजिम सञ्चालन गर्न ।

३. ट्रष्टको सम्पत्तिको संवर्द्धन, संरक्षण र यसको आयआर्जनका लागि समितिले तोकिएबमोजिमका कार्यक्रम सञ्चालन गर्नेछ ।

४. समितिले यस दफाबमोजिम कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारको योजना तथा नीति प्रतिकूल नहुनेगरी सम्बन्धित मन्त्रालय वा निकायसँग निकटतम समन्वय कायम राख्नुपर्नेछ ।

नेपाल सरकार (मिति २०७५/११/१९ को राजपत्रमा संशोधन भएको), नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ (क १) मा 'राष्ट्रिय हित अनुकूल तथा ट्रष्टलाई फाइदा हुनेगरी पर्यटकीय र व्यावसायिक कार्य सञ्चालन गर्न' भनी संशोधन भएको ।

दफा ५ (३ क) उपदफा (३) बमोजिम 'कार्यक्रम सञ्चालन गर्दा समितिले ट्रष्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रष्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिका लागि लिजमा दिन सक्नेछ' भनी संशोधन भएको ।

**'दफा ५ (३ ख) उपदफा (३ क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अवधि तोकी जिम्मा लिइएको सम्पत्तिको उपभोग गर्ने पक्षले थप पुँजी लगानीसहित विद्यमान संरचनालाई मर्मतसम्भार गरी सञ्चालन गर्न चाहेमा र सोबाट ट्रष्टलाई थप आर्थिक लाभ हुने निश्चित भएमा त्यस्तो अवधि समाप्त हुनुअगावै समेत आवश्यकताअनुसार ट्रष्टको सिफारिसमा नेपाल सरकारले लिजको अवधिको थप गर्न सक्नेछ'** भनी मिति २०७५ फागुन १९ गते नेपाल ट्रष्ट ऐन, २०६४ को पहिलो संशोधन भएको ।

### १.५. ट्रष्ट सञ्चालक समितिको गठन

सम्माननीय प्रधानमन्त्री नेपाल ट्रष्टको संरक्षक हुने व्यवस्था नेपाल ट्रष्ट ऐन, २०६४ ले गरेको छ । संरक्षकले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न सञ्चालक समितिलाई समयसमयमा आवश्यक निर्देशन दिन सक्ने प्रावधानसमेत सो ऐनमा रहेको छ ।

यसैगरी नेपाल सरकार (मिति २०७५/११/१९ को राजपत्रमा संशोधन भएको), नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को समिति उपदफा (१) मा 'ट्रष्टको सम्पत्ति व्यवस्थापन र संरक्षण गरी ट्रष्ट सञ्चालन गर्न देहाय बमोजिमको ट्रष्ट सञ्चालक समिति रहनेछ' भन्ने व्यवस्था गरेको छ

| | | | |
|---|---|---|---|
| (क) | प्रधानमन्त्रीले तोकेको नेपाल सरकारको कुनै मन्त्री | - | अध्यक्ष |
| (ख) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्बन्धित क्षेत्र हेर्ने सचिव | - | सदस्य |
| (ग) | कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय | - | सदस्य |
| (घ) | नेपाल सरकारले नियुक्त गरेका वा तोकेका एकजना महिलासहित तीनजना व्यक्ति | - | सदस्य |
| (ङ) | नेपाल ट्रष्टको कार्यालयको सहसचिव | - | सदस्य-सचिव |

■

## परिच्छेद– दुई

# हालसम्म प्राप्त अचल सम्पत्तिको विवरण

### २.१ जिल्लागत रुपमा प्राप्त अचल सम्पत्ति (जग्गा)को विवरण

नेपाल ट्रष्टका नाममा आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा प्राप्त हुन आएको अचल सम्पत्ति (जग्गा) को जिल्लागत परिमाणात्मक विवरण यस प्रकार रहेको छ :

| क्र. सं. | स्थान | क्षेत्रफल (रोपनी) | क्षेत्रफल (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|
| १. | काठमाडौं | ४,४४२-०-०-३ | २०.६१ | |
| २. | भक्तपुर | ११३ -२-३-० | ०.५० | |
| ३. | ललितपुर | ८-१०-३-० | ०.०४ | |
| ४. | नुवाकोट | २४०-६-०-० | १.१२ | |
| ५. | धनकुटा | १९४-०-०-० | ०.९० | |
| ६. | मकवानपुर | २६-१-०-३ | ०.१२ | |
| ७. | काभ्रेपलाञ्चोक | ९-१५-३-१ | ०.०५ | |

| | | | | |
|---|---|---|---|---|
| ८. | सिन्धुपाल्चोक | २७-१३-१-१ | ०.१३ | |
| ९. | सुर्खेत | ४५७-७-०-२ | २.११ | |
| १०. | कास्की | १७४-४-२-० | ०.८१ | |
| ११. | चितवन | ७६७-११-१-१ | ३.५६ | |
| १२. | धादिङ | १५,१०१ -११-२-१ | ७०.०४ | |
| **जम्मा** | | **२१,५६२-४-२-१** | १००% | |

## २.२. प्राप्त अचल सम्पत्तिहरूको उपयोग एवं संरक्षणको स्थिति

नेपाल ट्रष्टको स्वामित्वमा प्राप्त भएका सम्पत्तिहरूमध्ये देहायका अचल सम्पत्तिहरू देहायबमोजिम उपयोग र संरक्षण भइरहेका छन् :

### (क) काठमाडौं

| क्र.सं. | न.पा. / गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | का.म.न.पा. वडा नं. ३, महाराज-गन्ज | १ | १-७-०-१ | पुरै जग्गा कम्पाउन्ड वालले घेरिएको, बीचमा घरसमेत रहेको। लाजिम्पाटबाट चक्रपथ चोक जाने मूलबाटोमा अवस्थित निर्मल निवास अगाडिको घरजग्गा । | |

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| २. | बालाजु- ८ क (हाल : इचंगु) | २७ | १०-६-१-० | ससाना कित्तामा छरिएर रहेको । मोहीहरूले नै खेती तथा बसोबासका लागि प्रयोग गरिरहेको । | म.प.को पूर्वाधार विकास समितिले मिति २०६९/०५/११ मा निर्णय गरी मोहीको नाममा नामसारी भएकोमा सो बारे सरकारी जग्गा सम्बन्धी आयोगमा नेपाल ट्रष्टले उजुरी गरेको । |
| ३. | का.म.न.पा. वडा नं. १२, टेकु बुद्धबारी | २ | १९-१२-०-० | कालीमाटी-टेकु गणेशमान पथमा अवस्थित चारैतर्फ कम्पाउन्ड वालले घेरिएको टाउन डेभलपर्स प्रालिद्वारा सञ्चालित काठमाडौं बिजनेस कम्प्लेक्सका नाममा आधुनिक भवनहरू पूर्ण व्यापारिक प्रयोजनमा भाडामा प्रयोग भइरहेको । हाल लिजमा दिइएको । | |

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| ४. | का.म.न.पा. वडा नं. १३, कालीमाटी, ताहाचल (होटल सोल्टीको गेटनजिकै) | ३ | ४-४-३-३ | उक्त जग्गा थामसेर्कु ट्रेकिङ प्रालिले लिजमा लिई भवन निर्माण गर्ने प्रक्रियामा रहेको | |
| ५. | का.म.न.पा. वडा नं. १३, कालीमाटी, ताहाचल | ६ | ३८-१२-३-१ | सार्वजनिक खरिद अनुगमन कार्यालय, रेडक्रस, श्रम कार्यालय र गरिबी निवारण कोषले भाडामा उपभोग गरेको । | |
| ६. | का.म.न.पा. वडा नं. १३, स्वयम्भू, छाउनी मार्ग | १ | १५-१-०-० | प्रेरणा राज्यलक्ष्मी सिंहले उपभोग गरिरहेकोमा ट्रष्ट सञ्चालक समितिको मिति २०७६/ ०८/२४ गतेको बैठकको निर्णयबाट सो घरजग्गा खाली गर्न सार्वजनिक सूचना प्रकाशित गरिएको | हालै सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासबाट नेपाल ट्रष्टको नाउँमा प्रस्तुत सम्पत्ति कायम हुने अन्तिम फैसला भएको । |

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| ७. | का.म.न.पा. वडा नं. १३, स्वयम्भू, छाउनी मार्ग | १ | २-१३-१-० | नेपाल ट्रष्टको संरक्षणमा रहेको घरजग्गा । | |
| ८. | का.म.न.पा. वडा नं. १६, बालाजु | ४ | १२२-१५-३-३ | काठमाडौं-त्रिशूली जाने बाटोसँग जोडिएको व्यापारिक प्रयोजनयोग्य जग्गा । हाल खाली र खुला रहेको । | |
| ९. | का.म.न.पा. वडा नं. २९, सामाखुसी | ४ | ०-९-०-० | ठमेलबाट सामाखुसी जाने ओरालो बाटोबाट पश्चिम गोरेटो बाटोमा पर्ने गल्कोपाखामा अवस्थित, मोहीले घर तथा बसोबासका रूपमा प्रयोग गर्दै आएको । | |
| १०. | शेषनारायण-२, फर्पिङ | १ | ६८-१२-०-० | काठमाडौंबाट दक्षिणकाली जाने पक्की मोटरबाटोसँग जोडिएको, त्रिभुवन आदर्श मा.वि.ले निःशुल्क प्रयोग गरिरहेको । | |
| ११. | सतुंगल | १ | १-६-१-० | मोहीले खेतीबालीमा प्रयोग गरिरहेको । | म.प.को पूर्वाधार विकास समितिले मिति २०६९/०५/११ मा निर्णय गरी मोहीको नाममा नामसारी भएकोमा सो बारे सरकारी जग्गा सम्बन्धी आयोगमा नेपाल ट्रष्टले उजुरी गरेको । |
| १२. | मातातीर्थ-१ क, ख | ३४ | ५९-१-३-० | ससाना कित्तामा छरिएर रहेको । मोहीले खेती तथा बसोबासका लागि प्रयोग गरिरहेको । | |

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १३. | थानकोट महादेव स्थान-४ क, ख, ग | ४३ | १०२-०-३-० | सानासाना कित्तामा छरिएर रहेको । मोहीले खेती तथा बसोबासका लागि प्रयोग गरिरहेको । | म.प.को पूर्वाधार विकास समितिले मिति २०६९/०५/११ मा निर्णय गरी मोहीको नाममा नामसारी भएकोमा सो बारे सरकारी जग्गा सम्बन्धी आयोगमा नेपाल ट्रष्टले उजुरी गरेको । |
| १४. | का.म.न.पा. वडा नं. १, दरबारमार्ग | १ | १-१४-१-० | ३० वर्षका लागि थामसेर्कु ट्रेकिङ प्रालिलाई लिजमा दिइएको । | भवन निर्माण सम्पन्न भइसकेको |
| १५. | का.म.न.पा. वडा नं. २ | ३ | ६-१३-०-१ | लाजिम्पाट स्थित होटल शंकर जाने बाटोको बायाँपट्टि कम्पाउन्ड वालले घेरिएको स्ट्यान्डर्ड चार्टर्ड बैंकले लिजमा लिई आफ्नो कार्यालय सञ्चालन गरिरहेको । | लिज अवधि २७ वर्ष। मिति २०५०/०३/०३ देखि २०७७/ ०३/०२ सम्म। सम्झौता निरन्तरता निर्णय मिति २०६६/ ०९/२३ |
| १६. | का.म.न.पा. वडा नं. ३१ | ३ | ५-०-२-० | काठमाडौं प्लाजाका नामबाट परिचित कमलादीस्थित आधुनिक भवन कन्सेप्ट डेभलपर्सले लिजमा लिई व्यापारिक रूपमा सञ्चालन गरिरहेको । | लिज अवधि २७ वर्ष, मिति २०५०/ ३/०३ देखि २०७७/ ०३/०२ सम्म । |

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १७. | गोकर्ण गा.वि.स. | २ | ३९७१-०-३-३ | पर्खाल तथा तारबारले घेरिएको गोकर्ण जंगलमा रहेको जग्गामध्ये २७९२-०-३-१ रोपनी एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले लिजमा लिई अन्तर्राष्ट्रिय स्तरको रिसोर्ट र गल्फ कोर्स निर्माण गरी सञ्चालन गरिरहेको । | पुरानो सम्झौता अनुसार लिज अवधि ३० वर्ष, सन् १९९५/ ८/१६ देखि २०२५/ ०८/१५ सम्म नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६। ७ २३ गतेको निर्णयले लिज अवधि सन् १४ अगष्ट २०५० सम्म थप गरिएको। |
| १८. | शंखरापुर नगरपालिका साँखु-८ | २ | २-३-१-० | ससाना कित्तामा छरिएर रहेको । मोहीले खेती तथा बसोबासका लागि प्रयोग गरिरहेको । | |
| १९. | का.म.न.पा. वडा नं. १३, कालीमाटी | १ | ३-७-०-० | हिमालय वीरविक्रम शाह मोही कायम रहेको जग्गा । | |

## (ख) ललितपुर

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोदाम चौर-१ | ९ | ८-१०-३-० | खोलाको छेउ र आलीको बाटोमा टुक्राटुक्रा अवस्थाको जग्गा मोहीले भोगचलन गरिरहेको । | मोही छुट्ट्याउने प्रक्रियामा रहेको । |

(ग) **भक्तपुर**

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | कटुन्जे -९ ख, भक्तपुर । हाल भक्तपुर न.पा. वडा नं. १ | १ | १०८-२-१-० | अरनिको राजमार्गसँग जोडिएको, पूर्वमा भक्तपुर सहर जाने बाटो, पश्चिममा कच्ची मोटरबाटो, उत्तरमा हनुमन्ते खोला, दक्षिणमा अरनिको राजमार्गमा पर्ने खुला रूपमा रहेको खाली जग्गा उपयोग हुन बाँकी । हाल पर्खाल लगाएकोमा नेपाल ट्रष्टको कार्यालयले सुरक्षाकर्मी राखेर सरक्षण गरिरहेको । | |
| २. | निल बाराहीबोडे-मध्यपुर ठिमी न.पा. | ४ | ५-०-२-० | हाल मोहीले उपभोग गरिरहेको | जग्गाधनी प्रमाण पुर्जा आउने प्रक्रियामा रहे को । |

(घ) **धादिङ**

| क्र.सं. | स्थान | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १. | धादिङ, छत्रे देउराली | १ | १५,१०१-११-२-१ | अधिकाशं वनजंगलको रूपमा प्राप्त भएको, प्रयोगविहीन |

## (ङ) सिन्धुपाल्चोक

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | थाङपाल धाप-१ | १ | २७-१३-१-१ | इन्द्रावती खोलाको छेउमा खोला वारिपारि टुक्राटुक्रा, आलीको बाटो, धानखेती योग्य जग्गा । | दुर्गम स्थानमा छ । उपभोगमा आउननसकेको। |

## (च) नुवाकोट

| क्र.सं. | न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कै. |
|---|---|---|---|---|---|
| १. | थानसिङ गा.वि.स. १ | १० | १७२-२-०-० | उत्तरमा लिखु खोला जाने बाटो, दक्षिणमा रानीपौवा जाने बाटोमा अवस्थित फलफूल बगैंचा र जंगलका रूपमा प्रयोग भइरहेको । | |
| २. | गणेशस्थान गा.वि.स. २ | ४ | २-८-३-२ | | |
| ३. | थानसिङ गा.वि.स.-१ | ६ | ६५-११-०-२ | | |

## (छ) धनकुटा

| क्र. सं. | न.पा./ गा. वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | चुलीवन -५ | १ | १९४-०-०-० | पूर्व, उत्तर र दक्षिणतर्फ कच्ची मोटरबाटो भएको । प्रायजसो सिमानामा तारबार लगाएको । | करिब आधा क्षेत्रफलमा निजामती कर्मचारीका छोराछोरीका लागि आवासीय विद्यालय भाडामा सञ्चालनमा रहेको । |

(ज) मकवानपुर

| क्र.सं. | न.पा./गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | हेटौंडा -१० | १ | २६-१-०-३ | पूर्व-पश्चिम राजमार्गसंग जोडिएको हेटौंडा बजारस्थित वनविज्ञान अध्ययन संस्थान र भुटनदेवी मार्गका बीचमा चारैतिर कम्पाउन्ड वालले घेरिएको घर सहितको महत्वपूर्ण सम्पत्ति व्यापारिक काममा प्रयोग हुन सक्ने । | |

(झ) काभ्रेपलाञ्चोक

| क्र.सं. | न.पा./गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | पाँचखाल - ३ | २ | ९-१५-३-१ | पाँचखाल गा.वि.स. वार्ड नं. ३ स्थित कित्ता नं. १८३ र १८४ को जग्गामा खावाचोकबाट पूर्वतिर करिब दुई कि.मि. टाढा कच्ची मोटरबाटोसँग जोडिएको । हाल चौरका रूपमा रहेको । | तारबार भत्किएकाले पुनः तारबार वा पर्खाल लगाउनुपर्ने । |

(ञ) सुर्खेत

| क्र.सं. | न.पा./गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | लाटी कोइली- ४ (च) | २ | ४५७-७-०-२ | नेपालगन्ज-सुर्खेत सडकस्थित जग्गा खुला र जंगलका रूपमा रहेको । | |

(ट) कास्की

| क्र. सं. | उ.म.न.पा./ गा.वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | पोखरा म.न.पा. वडा नं. ६ र ७ | ९ | १७४-४-२-० | ऐतिहासिक र पर्यटकीय रूपले महत्वपूर्ण रत्न मन्दिर, हिमागृहजस्ता ऐतिहासिक दरबार रहेको साथै फेवाताल किनारको र रत्नचोक स्थित मूलबाटोको जग्गा व्यापारिक महत्वका रूपमा रहेको । रत्न मन्दिर र हीमा गृहको नेपाली सेनाले बाहिरी सुरक्षा दिइरहेको । | म्युजियम पार्क बनाउन अध्ययन प्रतिवेदन प्राप्त भएको । पोखरामा जम्मा चारवटा स्थानमा जग्गा रहेको । |

(ठ) चितवन

| क्र. सं. | न.पा./ गा. वि.स. | कित्ता संख्या | क्षेत्रफल (रोपनीमा) | हालको उपयोग स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | भरतपुर- ३ | १६ | ७६७-११-१-१ | नारायणी नदीको किनारमा ऐतिहासिक दियालो बंगला दरबार रहेको । उक्त जग्गा तथा दरबारलाई हाल नेपाली सेनाले सुरक्षा दिइरहेको । | दियालो बंगलाको राजमार्गको पूर्वतर्फ समेत जग्गा रहेको । |

■

परिच्छेद– तीन

# लिजमा दिएका सम्पत्तिहरूको विवरण

## (१) लिजमा लिने संस्था/कम्पनीः गोकर्ण फोरेष्ट रिसोर्ट प्रालि साविक एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालि, काठमाडौं



गोकर्णस्थित गोकर्ण फरेस्ट रिसोर्ट

### विवरण

| | | |
|---|---|---|
| १. | जिल्ला : | काठमाडौं |
| २. | नगरपालिका | गोकर्णेश्वर |
| ३. | कित्ता नं. : | १४ र १५ |
| ४. | क्षेत्रफल : | ३,९७१-०-३-३ रोपनी मध्ये २,७९२-०-३-१ |

| | | |
|---|---|---|
| ५. | लिज पुनः सम्झौता मिति : | २०६७/१/५ (नेपाल ट्रष्टको कार्यालयसँग) यसै मितिमा पूरक सम्झौता समेत भएको । |
| ६. | कुल लिज भाडा रकम : | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०८।२३ को निर्णय अनुसार १४ अगस्ट २०५० सम्म कुल यु.एस. डलर १,०८,२३,२०५ लिज भाडादर कायम गरिएको । |
| | | सन् २०२० देखि २०२२ सम्म अमेरिकी डलर ३,१२,००० (निर्माण अवधि) |
| | | सन् २०२३ देखि २०२७ सम्म अमेरिकी डलर ३,२७,६०० (वार्षिक) |
| | | सन् २०२८ देखि २०३२ सम्म अमेरिकी डलर ३,४३,९८० (वार्षिक) |
| | | सन् २०३३ देखि २०३७ सम्म अमेरिकी डलर ३,६१,१७९ (वार्षिक) |
| | | सन् २०३८ देखि २०४२ सम्म अमेरिकी डलर ३,७९,२३८ (वार्षिक) |
| | | सन् २०४३ देखि २०४७ सम्म अमेरिकी डलर ३,९८,२०० (वार्षिक) |
| | | सन् २०४८ देखि २०५० सम्म अमेरिकी डलर ४,१८,११० (वार्षिक) |

साथै लिजमा लिएको संरचनामा आवश्यक मर्मत सम्भार समेत गर्ने तथा नयाँ संरचना पनि निर्माण गर्ने गरी लिज अवधि थप गरिएको ।

## (२) लिजमा लिने संस्था/कम्पनी: कन्सेप्ट डेभलपर्स प्रालि, काठमाडौं




कमलादीस्थित काठमाडौं प्लाजाको भवन

### विवरण

| | | |
|---|---|---|
| १. | जिल्ला : | काठमाडौं |
| २. | नगर : | काठमाडौं महानगरपालिका |
| ३. | वडा नं. : | ३१ |
| ४. | कित्ता नं. : | २२३५ |
| ५. | क्षेत्रफल : | ५-०-२-० रोपनी |
| ६. | लिज पुन: सम्झौता मिति : | २०६६/०९/२३ |
| ७. | लिज अवधि : | २०५० असार ३ देखि २०७७ असार २ सम्म |
| ८. | वार्षिक भाडा रकम : | २०६७/०३/०३ देखि २०७२/०३/०२ सम्म रु. ६१ लाख (वार्षिक) |
| | | २०७२/३/३ देखि २०७७/०३/०२ सम्म रु. ७५ लाख (वार्षिक) |

## (३) लिजमा लिने संस्था/कम्पनी: स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि., काठमाडौं



लाजिम्पाटस्थित स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि. रहेको भवन

### विवरण

| | | |
|---|---|---|
| १. | जिल्ला : | काठमाडौं |
| २. | नगर : | काठमाडौं महानगरपालिका |
| ३. | वडा नं. : | २ |
| ४. | कित्ता नं. : | ४०२, ४०४ र ४९५ |
| ५. | क्षेत्रफल : | ६-१३-०-१ रोपनी |
| ६. | लिज अवधि : | सन् २००५ देखि १५ वर्षका लागि |
| | लिज पुन: सम्झौता मिति | २०६६।०९।२३ (जनवरी ०७, २०१०) |
| ७. | वार्षिक भाडा रकम : | १ जुन २०१० देखि ३१ मई २०१२ सम्म रु. ६७,८२,९५२।०० (वार्षिक) |
| | | १ जुन २०१२ देखि ३१ मे २०१४ सम्म रु. ७५,५६,१४८।- (वार्षिक) |
| | | १ जुन २०१४ देखि ३१ मे २०१६ सम्म रु. ८४,०६,६४८।- (वार्षिक) |
| | | १ जुन २०१६ देखि ३१ मे २०१८ सम्म रु. ९३,४२,२१६।- (वार्षिक) |
| | | १ जुन २०१८ देखि ३१ मे २०२० सम्म रु. १,०३,७१,३२४।- (वार्षिक) |
| | | १ जुन २०२० देखि ३१ मे २०२१ सम्म रु.१,१५,०३,३५६।००(वार्षिक) |

## (४) लिजमा लिने संस्था/कम्पनी: टाउन डेभलपर्स प्रालि, काठमाडौं



टेकुस्थित बिजनेस पार्क

### विवरण

| | | |
|---|---|---|
| १. | जिल्ला : | काठमाडौं |
| २. | नगर : | काठमाडौं महानगरपालिका |
| ३. | वडा नं. : | १२ |
| ४. | कित्ता नं. : | ६ र १७ |
| ५. | क्षेत्रफल : | १९-१२-०-० रोपनी |
| ६. | लिज पुन:सम्झौता मिति : | २०६६/१०/०५ |
| ७. | लिज अवधि : | २०५३/१२/२८ देखि २०८३/१२/२७ सम्म |
| ८. | वार्षिक भाडा रकम : | २०६७ देखि २०६८ सम्म रु. २५ लाख (वार्षिक) |
| | | २०६९ देखि २०७३ सम्म रु. ३० लाख (वार्षिक) |
| | | २०७४ देखि २०७८ सम्म रु. ४० लाख (वार्षिक) |
| | | २०७९ देखि २०८३ सम्म रु. ५० लाख (वार्षिक) |

## (५) लिजमा लिने संस्था/कम्पनी: थामसेर्कु ट्रेकिङ प्रालि, नक्साल



दरबारमार्गस्थित ट्रष्टको जग्गामा निर्मित कम्प्लेक्स

**विवरण**

| | | |
|---|---|---|
| १. | जिल्ला : | काठमाडौं |
| २. | नगर : | काठमाडौं महानगरपालिका |
| ३. | वडा नं. : | १ |
| ४. | कित्ता नं. : | ४६०६ |
| ५. | क्षेत्रफल : | १-१४-१-० रोपनी |
| ६. | लिज सम्झौता मिति : | २०७४/०२/१४ |
| ७. | लिज अवधि : | २०७४/०२/१४ देखि २१०४/०२/१३ सम्म |
| ८. | वार्षिक भाडा रकम : | वि.सं. २०७४ देखि २०७७ सम्म रु. ५०,००,००० (निर्माण अवधि) |
| | | वि.सं. २०७८ देखि २०८१ सम्म रु. ४,५०,००,००० (वार्षिक) |
| | | वि.सं. २०८२ देखि २०८६ सम्म रु. ४,५४,५०,००० (वार्षिक) |
| | | वि.सं. २०८७ देखि २०९१ सम्म रु. ४,५९,२२,५०० (वार्षिक) |
| | | वि.सं. २०९२ देखि २०९६ सम्म रु. ४,६४,१८६२५ (वार्षिक) |
| | | वि.सं. २०९७देखि २१०१ सम्म रु. ४,६९,३९,५५६ (वार्षिक) |
| | | वि.सं. २१०२ देखि २१०४ सम्म रु. ११,८७,१६,३३५ (वार्षिक) |

## (६) लिजमा लिने संस्था/कम्पनीः थामसेर्कु प्रा.लि., काठमाडौं



ताहाचलस्थित सोल्टी आउटर कम्प्लेक्स, कालिमाटी, काठमाडौं,

### विवरण

| | | |
|---|---|---|
| १ | जिल्ला | काठमाडौं |
| २ | नगर | काठमाडौं महानगरपालिका |
| ३ | वडा नं. | १३ |
| ४ | कित्ता नं. | १८, १९ र २० |
| ५ | क्षेत्रफल | ४-४-३-३ रोपनी |
| ६ | लिज सम्झौता मिति | २०७४।०८।१४ |
| ७ | लिज अवधि | २०७४।०८।१४ देखि २१०४।०८।१३ सम्म |

| | | |
|---|---|---|
| ८ | वार्षिक भाडा रकम | वि.सं. २०७४ देखि २०७७ सम्म रु. ६,००,००० (निर्माण अवधि) |
| | | वि.सं. २०७८ देखि २०८१ सम्म रु. ६१,४४,००० |
| | | वि.सं. २०८२ देखि २०८६ सम्म रु. ६४,५१,२०० |
| | | वि.सं. २०८७ देखि २०९१ सम्म रु. ६७,७३,७६० |
| | | वि.सं. २०९२ देखि २०९६ सम्म रु. ७१,१२,४४८ |
| | | वि.सं. २०९७ देखि २१०१ सम्म रु. ७४,६८,०७१ |
| | | वि.सं. २१०२ देखि २१०४ सम्म रु. ७८,४१,४७५ |
| ९ | भवन निर्माण खर्च | रू. २२,६१,४८,१०७- करोड । |

# छोटो अवधिका लागि भाडामा दिइएको सम्पत्ति

## (१) भाडामा लिने संस्था: सार्वजनिक खरिद तथा अनुगमन कार्यालय रेडक्रस मार्ग, काठमाडौं



ताहाचल रेडक्रसमार्गस्थित ट्रष्टको स्वामित्वमा रहेको भवन

**विवरण**

| | | |
|---|---|---|
| १. | जिल्ला : | काठमाडौं |
| २. | नगर : | काठमाडौं महानगरपालिका |
| ३. | वडा नं. : | १३ |
| ४. | कित्ता नं. : | ६५ |
| ५. | वार्षिक भाडा रकम : | रु. १८ लाख |
| ६ | पुन: सम्झौता मिति | २०७२।०६।१३ |

## (२) भाडामा लिने संस्था: गरिबी निवारण कोष, रेडक्रसमार्ग, काठमाडौं



ताहाचल रेडक्रसमार्गस्थित ट्रष्टको स्वामित्वमा रहेको भवन

**विवरण**

| | | |
|---|---|---|
| १. | जिल्ला : | काठमाडौं |
| २. | नगर : | काठमाडौं महानगरपालिका |
| ३. | वडा नं. : | १३ |
| ४. | कित्ता नं. : | ६५ |
| ५. | मासिक भाडा रकम : | रु. १ लाख ८६ हजार |
| ६ | पुन: सम्झौता मिति | २०७३।०४।२२ |
| ७ | वार्षिक भाडा रकम | रु. २७,००,७२०।- |

## (३) भाडामा लिने संस्था: वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौं




ताहाचल रेडक्रसमार्गस्थित ट्रष्टको स्वामित्वमा रहेको सम्पत्ति

### विवरण

| | | |
|---|---|---|
| १. | जिल्ला : | काठमाडौं |
| २. | नगर : | काठमाडौं महानगरपालिका |
| ३. | वडा नं. : | १३ |
| ४. | कित्ता नं. : | १४ |
| ५. | वार्षिक भाडा रकम : | २०७४-२०७५- ५२,८०,०००।-<br>२०७५-२०७७- ५८,०८,०००।- |

## (४) भाडामा लिने संस्थाः निजामती आवासीय विद्यालय, चुलीवन, धनकुटा



नेपाल ट्रष्टको स्वामित्वमा रहेको चुलीवन, धनकुटा जिल्लाको जग्गा

### विवरण

| | | |
|---|---|---|
| १. | जिल्ला : | धनकुटा |
| २. | नगर : | चुलीवन |
| ३. | वडा नं. : | ५ |
| ४. | कित्ता नं. : | १८९ |
| ५. | क्षेत्रफल : | १९४ रोपनीमध्ये १३४ रोपनी भाडामा गएको । |
| ६. | वार्षिक भाडा रकम : | रु. २ लाख । |
| ७ | सम्झौता मिति | २०७३।०२।१८ मा २०७१।९।१ देखि लागू हुने गरी ५ वर्ष |

■

परिच्छेद- चार

# उपलब्धि, चुनौती र कार्ययोजना

नेपाल ट्रष्टले हालसम्म प्राप्त गरेका उपलब्धिहरू र ट्रष्ट सञ्चालनका क्रममा देखिएका चुनौती, समाधानका उपाय र भावी कार्ययोजना यसबमोजिम रहेका छन् :

## ४.१. उपलब्धिहरू

**नेपाल ट्रष्टले आफ्नो स्थापनाको १२ औं वर्षसम्म आइपुग्दा सम्पादन गरेका कार्यहरूबाट निम्न उपलब्धिहरू हासिल गरेको छ :**

१. नेपाल ट्रष्ट ऐन, २०६४ को उद्देश्यबमोजिम शिक्षा र स्वास्थ्य क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न तथा सम्पत्ति व्यवस्थापनका लागि कार्यविधि/विनियम/मापदण्ड लगायतको अभाव भएकोमा नेपाल ट्रष्ट कार्यक्रम (शैक्षिक, प्राज्ञिक तथा स्वास्थ्य) सञ्चालन कार्यविधि २०७३, नेपाल ट्रष्टको सम्पत्ति भाडा/लिजमा लगाउनेसम्बन्धी विनियम, २०७३, नेपाल ट्रष्टको सम्पत्ति छोटो अवधिका लागि उपयोग गर्न शुल्क निर्धारण विनियमावली, २०७६ स्वीकृत भई कार्य सञ्चालनमा सहजता भएको छ भने थप आवश्यक नीति तथा कानुनहरूको व्यवस्थाका लागि पहल भइरहेको छ।

२. ट्रष्टको दरबारमार्ग र ताहाचलस्थित जग्गा लिजमा दिने काम सम्पन्न भएको छ भने अन्य स्थानको जग्गा लिजमा दिने सम्बन्धमा अध्ययन भई प्रतिवेदनहरू प्राप्त भएका छन् ।

३. हालसम्म सघन सम्पत्ति खोजबिन अभियानअन्तर्गत रामेछाप, सिन्धुली, उदयपुर, सिरहा, तनहुँ, पर्वत, स्याङ्जा, दोलखा जिल्लामा बृहत् रूपमा सघन सम्पत्ति खोजबिन अभियान सम्पन्न भएको । यसैगरी भक्तपुर जिल्लाको 'राधेराधे' नजिक र काठमाडौं जिल्ला कालिमाटी क्षेत्रमा रहेको कानुनतः नेपाल ट्रष्टको स्वामित्वमा आउने हैसियतको करिब ८ रोपनी जग्गा थप प्राप्त भएकाले सो जग्गालाई नेपाल ट्रष्टको स्वामित्वमा ल्याइएको छ ।

४. नेपाल ट्रष्टको स्वामित्वमा रहेका विभिन्न स्थानका सम्पत्ति र सम्पदाहरूको उपलब्ध स्रोतअनुसार आवश्यक मर्मतसम्भार गरी संरक्षण गर्ने कार्य भइरहेको छ । सम्पत्ति संरक्षणमा सजगताका साथ काम गरिएको छ ।

५. ट्रष्टको स्वामित्वमा रहेका चितवन दियालो बंगला परिसरमा रहेका ढलापडा, सुक्खा, खडा तथा जोखिमयुक्त रूखहरूको लिलाम बढाबढ गरी ट्रष्टको कोषमा आम्दानी गरिएको छ ।

६. ट्रष्ट स्वामित्वको कमलादीस्थित जग्गामा नेपाल ट्रष्टको कार्यालय सञ्चालन गरिरहेको ।

७. नेपाल ट्रष्टअन्तर्गत रहेका सबै सम्पत्तिहरूमा सो सम्पत्तिहरूको क्षेत्रफल, कित्ता नं. सहित उल्लेख गरी ठूला आकारका जानकारी दिने बोर्ड राखिएको ।

## ४.२. चुनौतीहरू

### ४.२.१. नीतिगत तथा कानुनी चुनौती

- नेपाल ट्रष्टका नाममा आउन सक्ने सम्पत्तिका सम्बन्धमा सत्य तथ्य सूचना वा जानकारी दिई सहयोग पुऱ्याउने व्यक्तिलाई पुरस्कार दिन सकिने व्यवस्था भए पनि पर्याप्त सूचनाको अभावले ऐनको उद्देश्यअनुरूप र जनमत अनुसारको सम्पत्तिको खोजबिन कार्य प्रभावकारी हुन सकेको छैन ।
- ऐनको दफा ४ को उपदफा (२) को खण्ड (क) र (ख) अनुसार नेपाल ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी शिक्षा, स्वास्थ्य पर्यटन तथा व्यवसाय क्षेत्रमा प्रयोग गर्न सकिने व्यवस्था भए तापनि सो ऐनलाई कार्यान्वयन गर्न लागु भएको नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ३ मा शिक्षा, स्वास्थ्य र पर्यटनको कुनकुन क्षेत्रमा केकति रकम दिने, त्यसका आधारहरू केके हुन् भन्ने

विषयमा स्पष्ट व्यवस्था नभएको । साथै, समितिले कार्यविधि बनाउन सक्ने व्यवस्था भएकोमा विगतमा स्वीकृत भएको कार्यविधि, २०७३ बाट पनि ट्रष्टको जम्मा रकमलाई ऐनको उद्देश्यअनुरूप शिक्षा र स्वास्थ्यका क्षेत्रमा लगानी गर्ने प्रक्रिया अघि नबढेको अवस्था रहेकोमा हाल सो कार्यविधिलाई परिमार्जन गर्ने गरी सञ्चालक समितिले प्रक्रिया अगाडि बढाएको छ ।

### ४.२.२. **व्यवस्थापकीय तथा प्रक्रियागत चुनौती**

- नेपाल ट्रष्टको स्वामित्वमा आउनुपर्ने विदेशस्थित सम्भावित चल तथा अचल सम्पत्ति खोजबिनको सिलसिलामा ती देशका सम्बन्धित निकायलाई अनुरोध गरी पठाइएकोमा ती निकायहरूबाट ती देशका विज्ञ राखी खोजी कार्य गर्ने सुझाव प्राप्त भएकोमा त्यस्ता विदेशी विज्ञलाई प्रदान गर्नुपर्ने रकमबाट यस संस्थालाई आर्थिक भार बढी पर्ने र त्यस्तो रकमको व्यवस्थासमेत नभएकाले विदेशमा रहेको वा हुन सक्ने सम्भावित सम्पत्तिको खोजबिन हुन नसकेको ।
- कार्यालयमा आवश्यक इन्जिनियर, सबइन्जिनियरजस्ता प्राविधिक पदहरू पूर्ति हुन नसकेको तथा ट्रष्टमा कर्मचारीहरू आफैं माग गरी सरुवा भई नआउने भएकाले र दरबन्दी नरहेका कारण सम्पत्ति संरक्षण गर्ने लगायतका प्राविधिक कार्यका लागि बाह्य प्राविधिकहरूको सेवा/परामर्श लिनुपरिरहेको अवस्था छ । साथै, दरबन्दीअनुसारका कर्मचारीहरूको समयमा नै पदपूर्ति हुन नसकेको र भएका कर्मचारीहरू पनि छिटोछिटो सरुवा हुने तथा उत्प्रेरणाका अभावले अन्यत्र काजमा खटिएर जाने प्रवृत्तिले गर्दा संस्थागत संस्मरण 'Institutional memory' नरहने कारणले ट्रष्टको सम्पत्ति संरक्षणलगायत अन्य कार्यहरू अपेक्षित रूपमा सञ्चालन गर्न नसकिएको स्थिति रहेको ।
- नेपाल ट्रष्टको कार्यालयमा कार्यरत कर्मचारीहरूको वृत्तिविकास एवं मनोबल वृद्धिका लागि आवश्यक अवसरहरू तुलनात्मक रूपमा कम रहेको र कार्यरत कर्मचारीहरूलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली पनि लागू नगरिएकाले कर्मचारीलाई उत्प्रेरित गरी कार्य सञ्चालन गर्न असजिलो भएको । साथै, क्षमता अभिवृद्धि तथा

वृत्ति विकासका लागि (शैक्षिक, प्रशिक्षण) अवसरहरू समेत न्यून रहेको अवस्था छ ।

- नेपाल ट्रष्टको सम्पत्ति राज्यको सम्पत्ति भएकोले सोको संरक्षण र संवर्द्धन गर्न नेपाल सरकारबाट आवश्यक बजेट विनियोजन हुनुपर्दछ । आवश्यक पर्ने थप बजेटको माग हुँदा उपलब्ध हुनुपर्छ ।

## ४.३. समाधानका उपायहरू

- नेपाल ट्रष्ट ऐन, २०६४ तथा नियमावली, २०६५ अनुसार ट्रष्टको क्षेत्राधिकार, सम्पत्ति खोजबिनमा सहयोग पुऱ्याउन सही सूचना वा जानकारी दिने व्यक्तिलाई उचित पुरस्कार दिने ।
- नेपाल ट्रष्ट ऐन, २०६४ (प्रथम संशोधन २०७५) अनुसारको शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा लगानी गर्ने कार्यविधि, नेपाल ट्रष्टको सम्पत्ति भाडा/लिजमा लगाउनेसम्बन्धी विनियम स्वीकृत हुँदा सोमा नसमेटिएका र ट्रष्टको कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पर्ने विषयहरू सम्बोधन गरी परिमार्जन गर्ने ।
- नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ९ को उपदफा (३) बमोजिम ट्रष्टको स्वामित्वमा रहेको सम्पत्ति उपयोगका लागि रणनीतिक योजना तर्जुमा गर्ने ।
- नेपाल ट्रष्टको स्वामित्वमा आउन सक्ने विदेशस्थित चल तथा अचल सम्पत्तिको खोजबिनका लागि नेपाल सरकारका विभिन्न निकाय तथा विदेशस्थित नेपाली राजदूतावास तथा नियोगलाई व्यवस्थित रूपमा परिचालन गरिनुपर्ने ।
- नेपाल ट्रष्टलाई स्वायत्त संस्थाको सिद्धान्तअनुरूप सञ्चालन र विकास गर्ने र सोहीअनुरूप कर्मचारीको व्यवस्थालगायत आवश्यक संरचनागत सुधार गर्ने ।
- नेपाल ट्रष्टमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासका लागि अवसरहरू सिर्जना गर्नुका साथै उनीहरूको मनोवल वृद्धिका लागि प्रोत्साहनस्वरूप कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने ।
- नेपाल ट्रष्टको सम्पत्ति उपयोग तथा संरक्षणका सम्बन्धमा नेपाल सरकार, स्थानीय निकाय, विभिन्न संघ संस्था तथा नागरिक समाजहरू बीच

आवश्यक सहयोग एवं समन्वय हुनुपर्ने हुँदा तदनुरूप नियामक व्यवस्था हुन उपयुक्त हुने ।

- नेपाल ट्रष्टको सम्पत्तिको प्राप्तिका आधार तथा उपयोग तथा संरक्षण गर्नुपर्ने सम्बन्धमा सर्वसाधारणलाई जानकारी दिने उद्देश्यले नेपाल ट्रष्टको कार्यालयबाट आवश्यक जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई अझ बढी प्रभावकारी रूपमा लैजानुपर्ने ।
- नेपाल ट्रष्टको सम्पत्तिउपर अतिक्रमण गर्ने व्यक्ति, संघसंस्थालाई निरुत्साहन गर्न सम्बन्धित स्थानीय प्रशासनबाट आवश्यक सहयोग प्राप्त गर्ने ।

## ४.४. नेपाल ट्रष्टको कार्यालयको भावी कार्ययोजना

### ४.४.१.सम्पत्ति खोजबिन तथा प्रवर्द्धनतर्फ

- सम्पत्ति वृद्धिका लागि आयआर्जन हुनेगरी व्यापारिक क्षेत्रमा लगानी गर्न आवश्यक रणनीतिक योजना तयार गरी लागु गर्ने ।
- हाल सञ्चालन गरिँदै आएको सघन सम्पत्ति खोजबिन अभियानलाई निरन्तरता दिँदै अरू थप जिल्लामा पनि सो कार्यक्रमलाई विस्तार गर्दै लैजाने र मौजुदा सम्पत्तिको उचित संरक्षण गर्ने ।
- शिक्षा र स्वास्थ्यमा लगानीसम्बन्धी कार्यविधि, २०७३ अनुसार शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रमा लगानी गर्ने कार्यक्रमहरू अगाडि बढाउन उक्त कार्यविधिलाई समयानुकूल परिमार्जन गरी जनहितमा ट्रष्ट कोषको रकम उपयोग गर्ने ।

### ४.४.२. सम्पत्ति संरक्षणतर्फ

- ट्रष्टको सम्पत्तिमा भएको र हुन सक्ने अतिक्रमणलाई हटाई सोको संरक्षणका लागि आवश्यक तारबार र पर्खाल लगाउने र सीमांकन गर्न बाँकी रहेको स्थानमा सीमांकन गरी तारबार, पर्खाल आदि निर्माण गर्ने ।
- हाल जीर्ण भएका ऐतिहासिक भवन र प्राचीन सम्पदामा पर्ने संरचनाहरूलाई मर्मतसम्भार गरी ठीक दुरुस्त राख्ने । सो कार्यका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्ने ।

### ४.४.३. सम्पत्ति उपयोगतर्फ

- सम्पत्ति उपयोग सम्बन्धी बृहत् गुरुयोजना तर्जुमा गरी क्रमशः कार्यान्वयन गर्ने ।
- अचल सम्पत्ति उपयोगका लागि सम्भाव्यता अध्ययन नभएका स्थानहरूको सम्भाव्यता अध्ययन गराउने र त्यसअनुरूप कार्य गर्दै जाने ।
- सम्भाव्यता अध्ययन भइसकेका सम्पत्तिलाई प्रतिवेदनहरूमा उल्लेख भएका सिफारिसअनुसार उपयोग गर्दै लैजाने प्रक्रिया अवलम्बन गर्ने ।

## ४.५.व्यवस्थापकीय सुधारतर्फ

- नेपाल ट्रष्टको कार्यालयको सांगठनिक संरचनाका पुनरावलोकनसमेत गरी व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने तथा नेपाल ट्रष्टको संस्थागत सुधार गर्ने ।
- कार्यालयको कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन कार्यरत कर्मचारीहरूलाई उत्प्रेरित गराई बढी जिम्मेवार बनाउन यस कार्यालयले गर्ने क्रियाकलापको व्यावसायिक योजना (Business plan) र रणनीतिक योजना बनाउने ।
- नेपाल ट्रष्टको कार्यालयलाई कार्य सञ्चालनका लागि आवश्यक कार्यविधि, निर्देशिका, विनियमावली तयार गर्ने ।
- सूचना प्रविधिको उपयोग गरी कार्यालयको कार्य सञ्चालन, सम्पत्ति व्यवस्थापन र तथ्यांक संरक्षण गर्ने ।
- कर्मचारीहरूलाई आवश्यक पर्ने तालिम प्रदान गरी दक्षता हासिल गराउनुका साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरी सुविधा प्रदान गर्ने ।
- नेपाल ट्रष्टको Website लाई स्तरोन्नति गरी Interactive बनाई प्रभावकारी सूचना प्रवाह गर्ने तथा सूचना प्राप्त गर्ने ।

■

# खण्ड (ख)

परिच्छेद- एक

# गोकर्ण राजनिकुञ्ज, दरबारमार्ग र ताहाचलको लिज सम्बन्धी विवरण

# गोकर्ण फरेस्ट रिसोर्ट थप लिज सम्बन्धमा

**सम्झौताका क्रियाकलापहरू**

- तत्कालीन राजदरबारको Department of Crown Property, Royal Palace काठमाडौं र एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिबीच १६ अगस्ट १९९५ (२०५२/०४/३१) मा गोकर्ण राजनिकुञ्जको शुरु सम्झौता भएको। गोकर्ण राजनिकुञ्जको ३,९७०-१-३-३ रोपनीमध्येको कुल क्षेत्रफल २,७९२-०-३-१ रोपनी जग्गामा फरेस्ट रिसोर्ट निर्माण तथा सञ्चालन गर्न ३० वर्षका लागि लिज पाएको एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिसंग अमेरिकी डलर ५० लाख बुझाउने गरी सम्झौता भएको। सो सम्झौता अनुसार एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले १०० वटा कोठा, आगमन कक्ष, कफि हाउस र १८ होलको गोल्फ कोर्ष निर्माण गरेको जसले लिज लिएको कुल जमिनको २० प्रतिशत क्षेत्रफल उपयोग गरेको। बांकी जंगल क्षेत्र रहेको।

- एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालि र नेपाल ट्रष्टको कार्यालयका बीच नेपाल ट्रष्ट स्थापना भएपश्चात् गोकर्ण राजनिकुञ्जको मुख्य सम्झौता १८ अप्रिल २०१० (वि.सं.२०६७/१/५) मा भएको थियो। यसैगरी, पुनः १८ अप्रिल २०१० (तदनुसार वि.सं. २०६७/१/५) मा एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालि, यती होल्डिङ्स र नेपाल ट्रष्टको कार्यालयबीच त्रिपक्षीय पुरक सम्झौता (Supplimentry Aggrement) भएको हो। त्यसमा लिज अवधि समाप्त हुनुअगावै दुवै पक्षको आपसी सहमतिमा लिज अवधि नवीकरण गर्न सकिने व्यवस्था थप भएको देखिन्छ।

- नेपाल ट्रष्ट संचालक समितिका तत्कालीन संरक्षक सम्माननीय प्रधानमन्त्री स्व. सुशील कोइराला तथा उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री वामदेव गौतम रहनुभएको नेपाल ट्रष्ट सञ्चालक समितिको मिति २०७१/०८/२५ मा बसेको ३४ औं बोर्ड बैठकको निर्णयबाट एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिमा रहेको शेयर विदेशी लगानीकर्ताहरूबाट यती होल्डिङ्स प्रालिलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान।

- मिति २०७५/११/१९ मा नेपाल ट्रष्ट ऐन, २०६४ को प्रथम संशोधन भएको।

- मिति २०७६/०६/२७ मा नेपाल ट्रष्ट नियमावली, २०६५ को प्रथम संशोधन भएको ।
- एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिका तर्फबाट हाल लिजमा लिएको संरचनामा आवश्यक मर्मत सम्भारका साथै थप ४८ कोठा र ४०० जना अट्ने क्षमता भएको सभाहल निर्माण गर्ने गरी थप संरचना निर्माण गर्ने प्रस्तावसहित नयाँ लिज भाडादर प्रस्ताव गरी लिज अवधि ३० वर्ष थप गर्न मिति २०७६/०१/१० मा नेपाल ट्रष्टको कार्यालयमा निवेदन दर्ता गराएको ।
- नेपाल ट्रष्टको मिति २०७६/०२/२४ मा बसेको ४५ औं बोर्ड बैठकबाट एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले पेस गरेको निवेदनको अध्ययन गरी प्रतिवेदन पेस गर्न तीन सदस्यीय समिति गठन भएको ।
- एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले पेस गरेको निवेदनको अध्ययन गरी उक्त प्रालीले प्रस्ताव गरेको नयाँ लिज भाडादर उपर Net Present Value का आधारमा Fair Market निर्धारण गर्न नेपाल ट्रष्टको कार्यालयबाट ४५ औं वोर्ड बैठकबाट निर्णय गरी मिति २०७६/३/१५ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थामा पत्राचार गरीएको ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले मिति २०७६/०४/०६ च.नं. ३० प.स. २०७६/७७ को पत्रअनुसार प्रस्तावित लिज दर मूल्यांकन गर्न स्वतन्त्र मूल्यांकनकर्ताको सेवा लिने गरि उक्त कार्य गर्न सुझाव दिएको । नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको सुझाव अनुसार स्वतन्त्र मूल्यांकनकर्ताको छनोट गर्न श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं, श्री काठमाडौं महानगरपालिका तथा यस ट्रष्ट कार्यालयमा सूचना टाँस गरी आव्हान गरिएको ।
- सो सूचनाका आधारमा दुईवटा चार्टर्ड एकाउन्टेन्ट फर्मबाट मूल्याङ्कन गर्न प्रस्ताव पेस भएकोमा कम दर कबोल गर्ने श्री एस देवकोटा एन्ड कम्पनीलाई छनोट गरी कार्यादेश दिइएको ।
- एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले बुझाएको लिज अवधि थपसम्बन्धी प्रस्ताव उपर शीघ्र वातावरणीय प्रभाव अध्ययन गरिएकोमा सोबाट सकारात्मक

राय प्राप्त भएको । यसैगरी सो व्यवसायसँग सरोकार राख्ने निकायहरू श्री गोकर्णेश्वर नगरपालिका, नेपाल पर्यटन बोर्ड तथा श्री होटल संघ नेपालसँग उक्त लिज अवधि थप सम्बन्धमा राय माग गरिएकोमा तत्तत् निकायहरूबाट सकारात्मक रायहरू प्राप्त भएको ।

- नेपाल ट्रष्टले नियुक्त गरेको स्वतन्त्र मूल्यांकनकर्ताले Net Present Value का आधारमा निकालेको Fair Market Value एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले प्रस्ताव गरेको लिज भाडादर भन्दा बढी देखिएकोले नेपाल ट्रष्ट सञ्चालक समितिको मिति २०७६/०७/०७ को ४८ औं बोर्ड बैठकको निर्णयानुसार एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिलाई पुनः परिमार्जित लिज भाडादर प्रस्ताव गर्न मिति २०७६/०७/०८ मा पत्राचार गरिएको ।
- उक्त प्रालिले तत्पश्चात् मिति २०७६/०७/१७ गतेको पत्रबाट परिमार्जित लिज भाडादर प्रस्ताव गरेको जुन स्वतन्त्र मूल्यांकनकर्ताले निकालेको Fair Market Value भन्दा बढी रहेको । नेपाल ट्रष्ट सञ्चालक समितिको मिति २०७६/०७/२६ को ४९ औं सञ्चालक समितिको बैठकको निर्णयबाट मौजुदा लिज अवधि समाप्त हुने मिति १५ अगस्ट २०२५ देखि परिमार्जित लिज भाडादर लागू हुनेगरी नेपाल ट्रष्ट ऐन २०६४ को ५ को उपदफा (३) (ख) अनुसार २५ (पच्चीस) वर्ष लिज अवधि थप गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा सिफारिस गराई पठाइएको ।
- नेपाल ट्रष्ट सञ्चालक समितिको मिति २०७६/०७/२६ को ४९ औं सञ्चालक समिति बैठकको निर्णयः नेपाल ट्रष्टको कार्यालयबाट अध्ययन गराउँदा देखिएको अवस्थाबाट लिज लिने एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिको थप निर्माण, लगानी, मर्मत गर्ने गरी प्रस्ताव गरेको परिमार्जित लिज भाडादर नेपाल ट्रष्टको कार्यालयबाट नियुक्त गरेको स्वतन्त्र मूल्यांकनकर्ता (चार्टर्ड एकाउन्टेन्ट फर्म) ले निकालेको Net Market Value का आधारमा Fair Market Value भन्दा बढी देखाएको । पूर्वसम्झौता बमोजिम हाल सञ्चालनमा रहेको व्यवसाय उपर सरोकार राख्ने नेपाल पर्यटन बोर्ड, गोकर्णेश्वर नगरपालिका, श्री होटल एसोसियसन अफ नेपालजस्ता निकायहरूले सो उपर सकारात्मक राय प्रदान गरेका । साथै, सोबाट नेपाल ट्रष्टको कार्यालयलाई थप आर्थिक

लाभ हुने देखिँदा उक्त लिज अवधि ट्रष्ट ऐन, २०६४ को दफा ५ को उपदफा (३) (ख) बमोजिम सुरु लिज अवधिभन्दा बढी नहुने गरी देहायबमोजिम गर्ने निर्णयका लागि नेपाल सरकारमा सिफारिस गर्ने,

- एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालि र नेपाल ट्रष्टको कार्यालय बीच सन् २०१० अप्रिल १८ मा सम्पन्न लिज सम्झौताको अवधि समाप्त हुने मिति (सन् २०२५ अगस्ट १५) देखि लागू हुने गरि २५ (पच्चीस) वर्ष लिज अवधि थप गर्ने । एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले लिज अवधि थप गर्न दिएको निवेदनसाथ प्रस्ताव गरेको लिज सम्झौताका आर्थिकलगायत अन्य सर्तहरू लिज अवधि थप गर्ने निर्णय भएको मिति देखि लागू हुने ।
- प्रस्तावित लिज रकममा एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले १६ अगस्ट २०१९ देखि १५ अगस्ट २०२० सम्म साबिकको सम्झौताबमोजिम बुझाएको लिज रकम घटाई नयाँ प्रस्ताव गरेको लिज दरबमोजिम बुझाउनुपर्ने बाँकी लिज रकम सो प्रालिले नेपाल ट्रष्टलाई बुझाउने । यसैगरी पुरानो सम्झौता (सन् २०१० अप्रिल १८ मा भएबमोजिम) को बाँकी वर्षहरूको लिज रकमको हकमा एलएम सुभिर ब्रदर्स (नेपाल) प्रालिले हाल प्रस्ताव गरेअनुसारको नयाँ लिज भाडादर लागू हुने ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/०८/२९ च.नं. शि.स्वा. ४१२/३४६२ को पत्रबाट उक्त कार्यालयको मिति २०७६/०८/२२ को प्रस्ताव मन्त्रिपरिषद्बाट मिति २०७६/०८/२३ गते पारित भई यस कार्यालयमा प्राप्त भएको ।
- नेपाल ट्रष्ट सञ्चालक समितिको मिति २०७६।९।२९ गतेको ५१ औं बैठकबाट नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम नै निर्णय गरी साविक एल.एम. सुभिर ब्रदर्श (नेपाल) प्रालिसँग लिज थप सम्बन्धी सम्झौता गरिएको ।

## लिज थपबाट प्राप्त हुने लाभ

### १. प्रत्यक्ष लाभ

पुरानो सम्झौताबमोजिम लागु हुने वर्ष (सन् २०२५ सम्म) भित्रै प्राप्त हुने आर्थिक लाभ :

| सि.नं. | वर्ष (सन्) | पुरानो सम्झौताअनुसार लिज भाडादर (अमेरिकी डलर) | नयाँ लागु गरिएको लिज भाडादर (अमेरिकी डलर) |
|---|---|---|---|
| १. | २०१९ | २,४०,०००.०० | ३,१२,०००.०० |
| २. | २०२० | २,६०,०००.०० | ३,१२,०००.०० |
| ३. | २०२१ | २,६०,०००.०० | ३,१२,०००.०० |
| ४. | २०२२ | २,६०,०००.०० | ३,२७,६००.०० |
| ५. | २०२३ | २,६०,०००.०० | ३,२७,६००.०० |
| ६ | २०२४ | २,६०,०००.०० | ३,२७,६००.०० |
| | जम्मा | १५,४०,०००.०० | १९,१८,८००.०० |

(क) पुरानो सम्झौताकै बाँकी अवधिभित्र प्रत्यक्ष आर्थिक लाभ यु.एस. डलर ३,७७,७०० नेपालीमा रु.४,३१,८३,२०० (अक्षरेपी चार करोड एकतीस लाख त्रियासी हजार दुई सय रूपैया) मात्र *(१ यु.एस. डलर बराबर रु. ११४)*

(ख) रु. २९ करोड लगानी गरी ४८ वटा सुविधायुक्त कोठा तथा ४०० जना व्यक्ति अट्ने सभाहल निर्माण हुने ।

(ग) लिज अवधि थप भएको २५ वर्षमा लिज भाडादर बापत यु.एस. डलर ८९०४४०५ (नेपाली रु. १,०१,५१,०२,१७०) (अक्षरेपी एक अर्ब एक करोड एकाउन्न लाख दुई हजार एक सय सत्तरी रूपैयाँ मात्र) प्राप्त हुने ।

(घ) नेपाल ट्रष्टको गोकर्णस्थित सम्पत्तिहरूको आवश्यक पर्ने सम्पूर्ण मर्मत सम्भार हुने ।

### २. अप्रत्यक्ष लाभ

(क) थप अवधिका लागि रिसोर्ट सञ्चालन हुँदा प्राप्त हुने अप्रत्यक्ष व्यावसायिक

करबापत अनुमानित रु. ३ अर्ब ९ करोड प्राप्त हुने अध्ययनबाट देखिएको ।

(ख) प्रत्यक्ष-अप्रत्यक्ष थप रोजगारी सिर्जना,

(ग) पर्यटन उद्योगमा टेवा,

(घ) सम्पत्तिको संरक्षण हुने,

(ङ) सामाजिक-सांस्कृतिक प्रवर्द्धन ।

## दरबारमार्ग र ताहाचलको लिज भाडा सम्झौता सम्बन्धमा

तत्कालिन नेपाल ट्रष्टका संरक्षक सम्माननीय प्रधानमन्त्री सुशील कोइराला तथा अध्यक्ष उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमको रहेको नेपाल ट्रष्ट संचालक समितिको २०७१/०४/२८ गते बसेको ३१ औं बोर्ड बैठकले कमलादी, हेटौंडा, ताहाचल सोल्टी आउटर कम्प्लेक्स र दरबारमार्गको जग्गा लिजआउट गर्ने गरी वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरेको । यसै आधारमा मिति २०७३/०३/१४ मा दरबारमार्ग र मिति २०७३/०३/२४ ताहाचलको जग्गा लिजआउट गर्न गोरखापत्रमा सूचना प्रकाशन भएको ।

## दरबारमार्गको जग्गाको लिज भाडा सम्झौताको विस्तृत विवरण

- काठमाण्डौं महानगरपालिका वडा नं. १ स्थित दरबारमार्गको कित्ता नं. ४६०६ को लिज आउट गर्दाको यथार्थ विवरण यसप्रकार रहेको छः
- गोरखापत्रमा सूचना प्रकाशन मितिः २०७३/०३/१४
- **बोलपत्र फाराम भरी पेस भएका प्रस्तावहरू**
    - थामसेर्कु ट्रेकिङ प्रालि
    - अद्रिसिय/लियोनज जेभी
    - क्लब सांग्रिला प्रालि
    - साइमेक्स इन्क प्रालि

- ○ साखः स्टिल इन्डस्ट्रिज प्रालि
- ○ प्योर क्लोथिङ

- **प्राविधिक प्रस्तावमा सफल भएका फर्महरू**

| क्र. सं. | फर्मको नाम | कबोल रकम रू. |
|---|---|---|
| १ | थामसेर्कु ट्रेकिङ प्रालि | रू. १,४०,१०,८६,०७७।३१ |
| २ | साखः स्टिल इन्डस्ट्रिज प्रालि | रू. ६२,२४,५८,८१६।- |
| ३ | अद्रिसिय/लियोनज जेभी | रू. २६,२८,००,०००।- |

- प्राविधिक प्रस्ताव स्वीकृत गरिएको आशयको सूचना प्रथमपटक प्रकाशित मितिः २०७३/०७/२४
- आर्थिक प्रस्ताव मूल्यांकनका प्रतिवेदनहरू पेस गरेको मितिः २०७३/१०/२१
- पहिलोपटक मिति २०७३/११/०६ गते सचिवस्तरीय निर्णयबाट थामसेर्कु प्रालिको रु. ६,४५,६६,३७,९९४।३१ को प्रस्ताव स्वीकृत भएको ।
- गोरखापत्र दैनिकमा आर्थिक प्रस्ताव स्वीकृत गरिएको आशयको सूचना मिति २०७३/११/१० मा प्रकाशित ।
- मिति २०७३/११/१८ मा थामसेर्कु ट्रेकिङ प्रालिले रु.६,४५,६६,३७,९९४।३१ को प्रस्तावमा उक्त रकम आफ्नो प्रालिले प्रस्ताव गरेको नभई रु. १,४०,१०,८६,०७७।३१ भएको धारणासहितको पत्र नेपाल ट्रष्टको कार्यालयमा दर्ता गराएको ।
- उक्त प्रालीले मिति २०७३/११/१८ मा पेश गरेको निवेदनउपर छानविन हुँदा कार्यालयको प्राविधिक त्रुटीका कारण स्वीकृत भएको उक्त मूल्य सहसचिवस्तरीय पुर्ननिर्णयबाट (कार्यकारी सचिवबाट मिति २०७३/०७/२३ मा प्राप्त अधिकार प्रत्यायोजनका आधारमा) दोस्रोपटक मिति २०७४/०१/०५ गते थामसेर्कु प्रालिको रु. १,४०,१०,८६,०७७।३१ को प्रस्ताव स्वीकृत भएको र सम्झौता भएको ।
- सो प्रस्ताव स्वीकृत भएको अवधिमा नेपाल ट्रष्टका संरक्षक सम्माननीय

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र गृहमन्त्री माननीय विमलेन्द्र निधि रहनु भएको ।

## ताहाचलको जग्गाको लिज भाडा सम्झौताको विस्तृत विवरण

- काठमाण्डौं महानगरपालिका वडा नं. १३ स्थित सोल्टी आउटर कम्प्लेक्सको कित्ता नं. १८, १९ र २० को लिज आउट गर्दाको यथार्थ विवरण यसप्रकार रहेको छः
- गोरखापत्रमा सूचना प्रकाशन मितिः २०७३/०३/२५
- **बोलपत्र फाराम भरी पेस भएका प्रस्तावहरू**
  - थामसेर्कु ट्रेकिङ प्रालि
  - क्लिन इन्फ्रास्ट्रक्चर प्रालि
- **प्राविधिक प्रस्तावमा सफल भएका फर्महरू र कवोल गरेको लिज रकम**

| क्र.सं. | फर्मको नाम | कबोल रकम रू. (Net Present Value) |
|---|---|---|
| १ | थामसेर्कु ट्रेकिङ प्रालि | २७,७४,७५,६६८।६८ |
| २ | क्लिन इन्फ्रास्ट्रक्चर प्रालि | २१,७३,३०,६४८।८५ |

- खुद वर्तमान मूल्य (Net Present Value) का आधारमा थामसेर्कु प्रालिले पेस गरेको कुल प्रस्तावित रकम रु. २७,७४,७५,६६८।६८ उपयुक्त भएकोले मिति २०७४/०७/१३ मा थामसेर्कु प्रालिको आर्थिक प्रस्ताव स्वीकृत भएको ।
- तत्कालीन नेपाल ट्रष्टका संरक्षक सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री माननीय जनार्दन शर्मा रहनु भएको ।

■

परिच्छेद- दुई

# मोहीको नाममा सम्पूर्ण नामसारी भएको जग्गाहरूको विवरण

नेपाल सरकार मन्त्रिपरिषको मिति २०६४/०५/२६ को निर्णयानुसार तपसिलमा उल्लेखित काठमाण्डौं जिल्लामा रहेका जग्गाहरु नेपाल ट्रष्टको कार्यालयको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्दा सो पुर्जामा जग्गाधनी हक हिस्सा महलमा 'पुरा' र 'मोहीको नामथर वतन' महलमा मोहीको नाम रहेको अवस्थामा नेपाल ट्रष्टको कार्यालयको नाममा नामसारी भई आएको । *लालपूर्जाको विवरण अनुच्छेदमा रहेको*

**तपसिल**

| सि.नं. | जिल्ला, गा.वि.स. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १. | काठमाण्डौं, मातातिर्थ | ३४ | ५९-१-३-० | |
| २. | काठमाण्डौं, थानकोट, महादेवस्थान | ४३ | १०२-०-३-० | |
| ३. | काठमाण्डौं, सतुंगल | १ | १-६-१-० | |
| ४. | काठमाण्डौं, बालाजु (इचंगु) | २७ | १०-६-१-० | |
| | **जम्मा** | | १७२-१५-०-० | |

- तत्कालिन नेपाल ट्रष्टका संरक्षक सम्माननीय प्रधानमन्त्री डा.बाबुराम भट्टराई तथा नेपाल ट्रष्ट संचालक समितिका अध्यक्ष विजयकुमार गच्छदार रहेको अवधिमा मिति २०६९/०७/०२ गते बसेको मन्त्रीपरिषद विधेयक समितिको निर्णयानुसार नेपाल ट्रष्टको कार्यालयको स्वामित्वको पुरै (१७२-१५-०-०) जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भई गएको ।

(घ) ट्रष्टलाई प्राप्त भएको रकम लगानी गरी कुनै बैंक, वित्तीय संस्था वा अन्य कुनै पब्लिक लिमिटेड कम्पनीको चुक्ता पूँजीको पाँच प्रतिशतसम्म शेयर खरिद गरी त्यस्तो कम्पनीको संस्थापक शेयरधनी हुने,

(ङ) ट्रष्टलाई आफ्नो कार्यक्रम सञ्चालन गर्न तत्काल आवश्यक नभएको रकम प्रचलित कानून बमोजिम खडा भएको "क" वा "ख" वर्गका बैंक वा वित्तीय संस्थामा ट्रष्टको नाममा मुद्दति खाता खोली जम्मा गर्ने,

यस खण्ड बमोजिम रकम जम्मा गर्दा "क" वर्गका बैंक वा वित्तीय संस्थामा जम्मा गरेको रकम मुद्दति खातामा जम्मा गरेको कुल रकमको कम्तीमा साठी प्रतिशत हुनु पर्नेछ ।

(च) ट्रष्टलाई आय आर्जन हुने भनी समितिले उचित ठहऱ्याएको अन्य कुनै कार्यक्रम वा आयोजनामा नेपाल सरकारको पूर्व स्वीकृति लिई लगानी गर्ने ।

७. <u>समितिको अन्य काम, कर्तव्य र अधिकार :</u> ऐनको दफा ९ मा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) ट्रष्टको स्वामित्वमा रहेको सम्पत्ति अल्पकालीन वा दीर्घकालीन रुपमा प्रयोग गरे वापत लाग्ने शुल्क निर्धारण गर्ने,

(ख) ट्रष्टको स्वामित्वमा रहेका पर्यटकीय तथा प्राकृतिक स्थलमा प्रवेशको लागि शुल्क निर्धारण गरी असुल गर्ने,

(ग) ट्रष्टको घर तथा जग्गाको क्षेत्र भित्रको सम्पत्तिको विशेष महत्व, मान्यता वा संवेदनशीलतालाई ध्यानमा राखी त्यस्ता घर, जग्गा वा स्थानमा गर्न नहुने कामहरु तोकी निषेध तथा नियन्त्रण गर्ने वा गराउने,

(घ) समितिले आफ्नो काम, कर्तव्य र अधिकार बमोजिमको कार्य गर्दा आवश्यकता अनुसार नेपाल सरकारका विभिन्न सरकारी वा गैर सरकारी निकाय, सार्वजनिक संस्थाको सहयोग लिने,

(ङ) नेपाल सरकारको पूर्व स्वीकृति लिई कूटनीतिक नियोगको सहयोग लिने,

(च) ट्रष्टको उद्देश्य पूरा गर्न आवश्यक अन्य काम गर्ने वा गराउने ।

८. <u>कार्यकारी सचिवको काम, कर्तव्य र अधिकार</u> : ऐनमा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ट्रष्टको दैनिक प्रशासकीय कार्यको रेखदेख तथा नियन्त्रण गर्ने र कर्मचारीहरुको कामको सुपरीवेक्षण गर्ने,

(ख) ट्रष्टको सम्पत्तिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक काम गर्ने वा गराउने,

(ग) ट्रष्टको कार्यक्रम वा योजना समिति समक्ष पेश गर्ने,

(घ) ट्रष्टको आर्थिक प्रशासन सम्बन्धी काम गर्ने तथा आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने,

(ङ) समितिको निर्णयको अभिलेख राख्ने,

(च) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) ट्रष्टको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(ज) समितिको निर्णय कार्यान्वयनको अनुगमन गर्ने वा गराउने,

(झ) ट्रष्टको दैनिक कार्य सम्पादन तथा ट्रष्टको सम्पत्तिको संरक्षण, रेखदेख सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल सरकारको विशिष्ट श्रेणीका निजामती कर्मचारीलाई भए सरहको अधिकार प्रयोग गर्ने ।

९. <u>सदस्यको सुविधा :</u> (१) समितिका सदस्यहरुले समितिको प्रत्येक बैठकमा भाग लिए वापत एक हजार रुपैयां बैठक भत्ता पाउने छन् ।

(२) समितिको बैठकमा आमन्त्रण गरिने नेपाल सरकारका पदाधिकारी वा विशेषज्ञलाई बैठकमा भाग लिए वापत उपनियम (१) बमोजिमको बैठक भत्ता प्रदान गरिनेछ ।

१०. <u>समितिका सदस्यको आचरण :</u> (१) समितिका सदस्यले ट्रष्टको उद्देश्य प्राप्तिका लागि सदासमर्पित रहनु पर्नेछ ।

(२) समितिका सदस्यले देहाय बमोजिमका कार्यहरु गर्नु हुंदैनः-

(क) ट्रष्टको कार्यसँग सम्बन्धित व्यक्तिबाट वा त्यस्तो कार्यसँग सम्बन्धित विषयमा कुनै दान, दातव्य, उपहार ग्रहण गर्न,

(ख) ट्रष्टको कोषबाट कुनै पनि किसिमको सापटी लिन,

(ग) कुनै पनि निर्णय लिनु पर्दा अवाञ्छनीय दवाव तथा प्रभावमा पर्न,

(घ) आफ्नो वा अरु कसैको व्यक्तिगत लाभ हुने काम गर्न,

(ङ) आफू र आफ्नो स्वार्थ बाँझिने विषयमा निर्णय गर्दा भाग लिन,

(च) प्रचलित कानूनको उल्लङ्घन हुने कार्य गर्न,

(छ) ट्रष्टको स्रोत र साधनको दुरुपयोग गर्न वा दुरुपयोग गर्नको लागि दुरुत्साहन गर्न,

(ज) समितिको सदस्य बहाल रहुञ्जेल र सदस्यबाट अलग भएपछि कम्तीमा पाँच वर्षसम्म आफ्नो र आफ्नो परिवारको नाममा ट्रष्टको अचल सम्पत्ति खरिद गर्न वा भोगाधिकार प्राप्त गर्न ।

११. **विशेषज्ञ कर्मचारी नियुक्ति सम्बन्धी व्यबस्था :** (१) समितिले ट्रष्टलाई आवश्यक पर्ने विशेषज्ञ कर्मचारी प्रचलित कानून र नेपाल सरकारले समय समयमा जारी गरेको निर्देशिका बमोजिम करारमा नियुक्ति गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त कर्मचारीको सेवाको शर्त तथा सुविधा नियुक्ति गर्दाको करारमा तोकिए बमोजिम हुनेछ ।

१२. **आन्तरिक लेखा परीक्षण र नियन्त्रण :** (१) ट्रष्टको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) ट्रष्टको आन्तरिक लेखा परीक्षण समितिले नियुक्त गरेको इजाजत प्राप्त लेखा परीक्षकबाट हुनेछ ।

(३) ट्रष्टको सम्पत्ति दुरुपयोग नहुने गरी चुस्त तथा दुरस्त राख्ने, समय समयमा अनुगमन तथा मूल्यांकन गर्ने गरी आन्तरिक नियन्त्रणको व्यबस्था कायम गर्ने कर्तव्य कार्यकारी सचिवको हुनेछ ।

१३. **उपसमिति गठन गर्न सक्ने :** (१) समितिले आफ्नो काम सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

१४. **<u>अधिकार प्रत्यायोजन</u> :** (१) समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी सचिवले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी सचिवले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही मातहतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **<u>शपथ ग्रहण</u> :** नेपाल सरकारका तर्फबाट प्रतिनिधित्व गर्ने सदस्य बाहेक समितिका अन्य सदस्यले आफ्नो पद सम्हाल्नु अघि समितिको अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

# अनुसूची

(नियम १५ सँग सम्बन्धित)

## शपथ ग्रहण

म ............................................................................ सत्यनिष्ठा पूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु इमान/धर्म तथा कर्तव्य सम्झी देश र सरकारप्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच, मरमोलाहिजा नगरी नेपाल ट्रष्ट ऐन, २०६४ तथा नेपाल ट्रष्ट नियमावली, २०६५ र प्रचलित कानूनी व्यबस्थाको अधीनमा रही पालना गर्नेछु। मलाई ज्ञात भएको वा कामका सिलसिलामा जानकारी भएको गोप्य कुरा कानून बमोजिम बाहेक कसैलाई म समितिमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भन्ने वा सङ्केत गर्ने छैन।

| **शपथ ग्रहण गर्ने सदस्यको,-** | **शपथ ग्रहण गराउने अधिकारीको,-** |
| --- | --- |
| नामः ...................................... | नामः .................................. |
| दस्तखतः .................................. | दस्तखतः ............................. |
| मितिः ...................................... | मितिः ............................... |

## (ग) नेपाल ट्रष्ट (पहिलो संशोधन) नियमावली, २०७६


# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, असोज २७ गते, २०७६ साल (संख्या २८


## भाग ३

नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

**नेपाल ट्रष्ट (पहिलो संशोधन) नियमावली, २०७६**

नेपाल ट्रष्ट नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा २५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "नेपाल ट्रष्ट (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ३ मा संशोधन** : नेपाल ट्रष्ट नियमावली, २०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (१) मा रहेका "शैक्षिक, प्राज्ञिक तथा स्वास्थ्य" भन्ने शब्दको सट्टा "शैक्षिक, प्राज्ञिक, पर्यटकीय, व्यावसायिक तथा स्वास्थ्य" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) को,-

(क) खण्ड (घ) मा रहेका "प्रवेशिका परीक्षा" भन्ने शब्दहरु पछि "वा सो सरह" भन्ने शब्दहरु थपिएका छन्।

(ख) खण्ड (ञ) मा रहेको "प्रवेशिका" भन्ने शब्दको सट्टा "प्रवेशिका परीक्षा वा सो सरह" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (१) बमोजिम ट्रष्टको सम्पत्तिको प्रयोग गर्दा समितिले पर्यटकीय र व्यावसायिक क्षेत्रसँग सम्बन्धित देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न, गराउन सक्नेछ :-

(क) पर्यटन प्रवर्धनसँग सम्बन्धित होटल, रिसोर्ट, होमस्टे, पार्क, फनपार्क, भ्यूटावर जस्ता पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने,

(ख) ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक, धार्मिक एवम् प्राकृतिक महत्त्वका

सम्पत्तिको मौलिकतामा खलल नपुग्ने गरी पर्यटकीय गतिविधि सञ्चालन गर्ने,

(ग) पर्यटनसँग सम्बन्धित विभिन्न तालीम कार्यक्रम सञ्चालन/प्रवर्धन गर्ने,

(घ) मेला तथा प्रदर्शनी आयोजना गर्ने,

(ङ) पर्यटकलाई लक्षित गरी मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने।"

३. <u>मूल नियमावलीमा नियम ३क. र ३ख. थप</u> : मूल नियमावलीको नियम ३ पछि देहायका नियम ३क. र ३ख. थपिएका छन् :-

"३क. <u>लिजको अवधि थप गर्न सकिने</u> : (१) ऐनको दफा ५ को उपदफा (३ख) बमोजिम लिजको अवधि समाप्त हुनु अगावै अवधि थप गर्न चाहने पक्षले अवधि थप गर्नु पर्ने कारण र औचित्य समेत खुलाई ट्रष्ट समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा समितिले त्यसरी अवधि थप गर्दा ट्रष्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भई अवधि थप गर्न मनासिब ठानेमा ऐनको दफा ५ को उपदफा (३ख) को अधीनमा रही थप गर्नु पर्ने अवधि खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(३) उपनियम (२) बमोजिमको सिफारिसको आधारमा नेपाल सरकारले लिजको अवधि थप गर्न सक्नेछ ।

३ख. संरचना हस्तान्तरण गर्नु पर्ने : (१) ऐन तथा यस नियमावली बमोजिम ट्रष्टको सम्पत्ति लिजमा लिने पक्षले सम्झौता बमोजिम तयार गरेका संरचना वा सम्पत्ति लिज अवधि समाप्त भएपछि ट्रष्टको कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम संरचना वा सम्पत्ति हस्तान्तरण नगरेमा ट्रष्टको कार्यालयले त्यस्तो संरचना वा सम्पत्ति लिज अवधि समाप्त भएपछि स्वत: हस्तान्तरण भएको मानी ट्रष्टको आम्दानीमा लगत बाँध्नु पर्नेछ।"

४. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को खण्ड (घ) मा रहेका "लिज वा" भन्ने शब्दहरु झिकिएका छन्।

५. मूल नियमावलीमा नियम ५क. थप: मूल नियमावलीको नियम ५ पछि देहायको नियम ५क. थपिएको छ:-

"५क. खर्च गर्न सक्ने: ऐनको दफा १७ बमोजिम कोषमा जम्मा भएको रकम मध्ये ट्रष्टको सम्पत्तिबाट बढे बढाएको रकमको वार्षिक दश प्रतिशतसम्म समितिले र सो भन्दा बढी रकम नेपाल सरकारको पूर्व स्वीकृति लिई समितिले ट्रष्टको सम्पत्तिको संरक्षण, संवर्धन र प्रवर्द्धन गर्ने प्रयोजनको लागि खर्च गर्न सक्नेछ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को उपनियम (२) को खण्ड (ख) र (ङ) को सट्टा देहायका खण्ड (ख) र (ङ) राखिएका छन् :-

"(ख) ट्रष्टको जग्गा लिजमा दिन नेपाल सरकार समक्ष सिफारिस गर्ने र नेपाल सरकारको निर्णय बमोजिम लिजमा दिने,

(ङ) ट्रष्टलाई आफ्नो कार्यक्रम सञ्चालन गर्न तत्काल आवश्यक नभएको रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्ने,"

७. मूल नियमावलीमा नियम ६क. थप : मूल नियमावलीको नियम ६ पछि देहायको नियम ६क. थपिएको छ :-

"६क. भाडा निर्धारण गर्ने : नियम ६ को उपनियम (२) को खण्ड (क) र (ख) बमोजिम ट्रष्टको सम्पत्ति भाडा वा लिजमा दिंदा आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षको मूल्याङ्कन गरी भाडा निर्धारण गर्नु पर्नेछ।"

८. मूल नियमावलीमा नियम ७क. थप : मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छः-

"७क. पुरस्कार दिन सकिने : यो नियमावली प्रारम्भ भएपछि ट्रष्टको सम्पत्ति पत्ता लगाउने कार्यमा आवश्यक प्रमाणसहित सूचना दिई सहयोग गर्ने व्यक्तिलाई त्यसरी पत्ता लागी ट्रष्टको नाममा कायम भएको सम्पत्तिको पाँच प्रतिशत वा दुई लाख रुपैयाँमध्ये जुन कम हुन्छ सो बराबरको रकम पुरस्कार स्वरुप प्रदान गर्न सकिनेछ।"

९. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

"९. <u>सदस्यको पारिश्रमिक र सुविधा:</u> (१) ऐनको दफा ७ को उपदफा (१) को खण्ड (घ) बमोजिमका सदस्यहरु मध्ये ट्रष्टमा पूरा समय काम गर्ने सदस्यले नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीले पाए सरहको पारिश्रमिक र सुविधा पाउने छ।

(२) उपनियम (१) मा उल्लेख भए बाहेक समितिका अन्य सदस्य, समितिको बैठकमा आमन्त्रण गरिने नेपाल सरकारका पदाधिकारी वा विशेषज्ञले समितिको बैठकमा भाग लिए बापत नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।"

आज्ञाले,
डिल्लीराज घिमिरे
सचिव

## अनुसूची– तीन

# नेपाल ट्रष्टको सम्पत्ति मोहीको नाममा नामसारी हुँदाको विवरण

### ३.१ जग्गाधनी प्रमाणपूर्जा




नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग

# जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनीको नाम ........ 481410

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा नं. | सिट नं | कित्ता नं. | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन | किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

४८१४११

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्थापन विभाग

# जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनीको नाम नेपाल ट्रष्ट

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा नं. | सिट नं. | कित्ता नं. | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन | किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठ | [illegible] | [illegible] | | ९८ | | | [illegible] | [illegible] | ०-४-१-० | | | |
| | ” | ” | ” | | ९९ | | | [illegible] | ” | ०-८-२-० | | | |
| | ” | ” | ” | | १२ | | | [illegible] | ” | ०-३-१-० | | | |
| | ” | ” | ” | | २१ | | | [illegible] | ” | ०-६-०-० | | | |
| | ” | ” | ” | | २२ | | | [illegible] | ” | ०-८-०-० | | | |
| | ” | ” | ” | | २४ | | | [illegible] | ” | ०-१२-१-० | | | |
| | ” | ” | ” | | २५ | | | सन्ते बलामी | ” | ०-८-१-० | | | |
| | ” | ” | ” | | २८ | | | [illegible] | ” | ०-१-२-० | | | |
| | ” | ” | ” | | ३० | | | ”—” | ” | ०-६-०-० | | | |
| | ” | ” | ” | | ३४ | | | ”—” | ” | ०-२-०-० | | | |
| | ” | ” | ” | | ४३ | | | [illegible] | ” | ०-५-१-० | | | |
| | ” | ” | ” | | ४४ | | | सन्ते बलामी | ” | ०-३-०-० | | | |
| | ” | ” | ” | | ४५ | | | [illegible] | ” | ०-१३-१-० | | | |
| | ” | ” | ” | | ४६ | | | [illegible] | ” | ०-१४-२-० | | | |

४ ५



496526

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
# जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनीको नाम: नेपाल ट्रष्ट को कार्यालय

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं र नक्सा नं | सिट नं | कित्ता नं | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन | किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठमाडौं | आलातीर्थ | १८ | – | ९३६ | आवाद | पूरा | [illegible] | दो. | १-६-०-० | | | |
| | ,, | ,, | ,, | – | ९२९ | ,, | ,, | [illegible] | दो. | ०-६-२-० | | | |
| | ,, | ,, | ,, | | ९३४ | ,, | ,, | [illegible] | ,, | १-२-२-० | | | |
| | ,, | ,, | ,, | | ९३५ | ,, | ,, | [illegible] | ,, | १-१२-०-० | | | |
| | ,, | ,, | ,, | | २०७ | ,, | ,, | [illegible] | ,, | १-०-०-० | | | |
| | ,, | ,, | ,, | | २०६ | ,, | ,, | [illegible] | ,, | १-१०-०-० | | | |
| | ,, | ,, | ,, | | २०८ | ,, | ,, | [illegible] | ,, | १-६-०-० | | | |
| | ,, | ,, | ,, | | २१० | ,, | ,, | [illegible] | ,, | ०-३-१-० | | | |
| | ,, | ,, | ,, | | २१२ | ,, | ,, | [illegible] | ,, | १-४-२-० | | | |
| | ,, | ,, | ,, | | २०४ | ,, | ,, | [illegible] | ,, | ०-२-०-० | | | |
| | ,, | ,, | ,, | | २२९ | ,, | ,, | [illegible] | ,, | १-४-२-० | | | |
| | ,, | ,, | ,, | | २४० | ,, | ,, | [illegible] | ,, | ५-६-०-० | | | |
| | ,, | ,, | ,, | | २४३ | ,, | ,, | [illegible] | ,, | ४-१०-०-० | | | |
| | ,, | ,, | ,, | | २४५ | ,, | ,, | [illegible] | ,, | २-३-०-० | | | |



496526

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्थापन विभाग

जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनीको नाम नेपाल ट्रष्ट कार्यालय

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं र नक्सा नं | सिट नं | कित्ता नं | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन | किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं पाना नं | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठमाडौं | | | | २५८ | आवादी | पुरा | | | २-३-२-० | | | |
| | ,, | ,, | | | ९६ | ,, | ,, | | | १-२-०-० | | | |
| | ,, | ,, | | | ९५ | ,, | ,, | | ,, | १-३-०-० | | | |
| | ,, | ,, | | | २९ | ,, | ,, | | ,, | १-६-२-० | | | |
| | ,, | ,, | | | ३८ | ,, | ,, | | ,, | १-४-०-० | | | |
| | ,, | ,, | | | ४४ | ,, | ,, | | ,, | २-१४-०-० | | | |
| | ,, | ,, | ,, | | ५६ | ,, | ,, | | ,, | १-१४-२-० | | | |
| | ,, | ,, | ,, | | ५७ | ,, | ,, | | ,, | १-१-२-० | | | |
| | ,, | ,, | ,, | | ६३ | ,, | ,, | | ,, | ५-१२-०-० | | | |
| | ,, | ,, | ,, | | १५१ | ,, | ,, | | | ३-३-०-० | | | |
| | ,, | ,, | ,, | | ८३ | ,, | ,, | | | १-१२-२-० | | | |
| | ,, | ,, | ,, | | ११४ | ,, | ,, | | | ०-८-०-० | | | |
| | ,, | ,, | ,, | | १०५ | ,, | ,, | | | ०-१३-०-० | | | |



496526

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय,

भूमिसुधार तथा व्यवस्थापन विभाग

जग्गाधनीको नाम ...नेपाल ... कांग्रेस... कार्यालय

# जग्गाधनी दर्ता प्रमाण पूर्जा

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा नं. | सिट नं. | कित्ता नं. | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन | किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठमाडौं | आलापोट | १ख | | ६१ | आवादी | पुरा | हिरा माया कपाडी | खे० | १-१०-०-० | | | |
| | ,, | ,, | ,, | | ६४ | ,, | ,, | धावल्ती उपाध्याय | खे० | १-३-०-० | | | |
| | ,, | ,, | १ग | | ६५ | ,, | ,, | महालक्ष्मी श्रेष्ठ | खे० | १-४-०-० | | | |
| | ,, | ,, | ,, | | १११ | ,, | ,, | पदम बोगटी | दो० | २-८-२-० | | | |
| | ,, | ,, | १ख | | १२३ | ,, | ,, | धन ब० थापा | दो० | ०-३-२-० | | | |
| | ,, | ,, | ,, | | ५४ | ,, | ,, | चन्द्रप्रसाद श्रेष्ठ | खे० | ०-५-०-० | | | |
| | ,, | ,, | ,, | | ५० | ,, | ,, | डीला देवी खत्री | खे० | २-६-०-० | | | |
| | काठमाडौं | आलापोट | १क | | ५३ | घर | — | आफै | खे० | ३-४-० | | भू.सु. तथा व्य. मन्त्रालय को च.नं. १२६४ मिति २०४... | |
| | काठमाडौं | सतुङ्गल | १क | | ११ | आवादी | पुरा | हुकुम महर्जन | खे० | १-६-१-० | — | ,, ,, | |
| | काठमाडौं | कीर्तिपुर | १३ | १०३-२९ | १६ | घर | जग्गा | आफै | व० | ०,१५१६.६० व.मी. | | होम गुठी बाट रैतानी | |
| | ,, | ,, | १३ | ११०३-१२ | २५ | घर | जग्गा | ,, | व० | ०,७३३४.३० व.मी. | | | |
| | ,, | ,, | १३ | ११०२-२४ | १४ | घर जग्गा | पुरा | ,, | व० | ०,२०४५.०० व.मी. | | | |
| | ,, | ,, | १३ | ११०३-२९ | १८ | ,, | ,, | ,, | व० | ०,०३५६.३० व.मी. | | | |

६ ७



भूमिसुधार तथा

भूमिसुधार तथा व्यवस्थापन विभाग

जग्गाधनी दर्ता प्रमाण पुर्जा

जग्गाधनीको नामें.............................

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा नं. | सिट नं | कित्ता नं. | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन | किसिम पित वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठमाडौं | श्री महादेव स्थान | ४।ख | | ४५ | आवादी | पुरा | हर्षबहादुर | त्रि.अ | १-७-०-० | | भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयको [illegible] | [signature] |
| | " | " | " | | ४८ | " | " | हर्षबहादुर | " | १-१५-०-० | | | [signature] |
| | " | " | ४।ख | | ४९ | " | " | र. बहादुर कार्की | " | ०-११-०-० | | | [signature] |
| | " | " | ४।ख | | १२६ | " | " | चम्पा बलामी | खे.दो. | १-०-०-० | | | [signature] |
| | " | " | ४।ख | | ३ | " | " | तिर्थ बहादुर | त्रि छ. | ०-११-२-० | | | [signature] |
| | " | " | " | | ८ | " | " | राम ब. बलामी | " | १-५-०-० | | | [signature] |
| | " | " | " | | १६ | " | " | चिनी महर्जन | " | १-२-०-० | | | [signature] |
| | " | " | " | | १८ | " | " | काञ्छीलाल महर्जन | " | १५-१-० | | | [signature] |
| | " | " | " | | २० | " | " | जितलाल महर्जन | " | ०-१२-०-० | | | [signature] |
| | " | " | " | | २५ | " | " | श्री हर्षबहादुर | " | १-६-२-० | | | [signature] |
| | " | " | " | | ३३ | " | " | भाइलाल महर्जन | " | ०-६-२-० | | | [signature] |
| | " | " | " | | ३६ | " | " | कृष्ण बहादुर | " | ६-४-० | | | [signature] |
| | " | " | " | | ४१ | " | " | भाइचा महर्जन | " | १-१-० | | | [signature] |
| | " | " | " | | ४२ | " | " | राते महर्जन | " | १-६-२-० | | | [signature] |

२ ३

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
# जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनीको नाम................................

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा नं. | सिट नं | कित्ता नं. | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन | किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठमाडौं | श्री महादेवस्थान | ४ख | [illegible] | ४३ | आवादी | पुरा | पाउअर्छि महर्जन | तिर्जा | १-२-३-० | | [illegible] | [illegible] |
| | " | " | ४ख | | १२ | " | " | पलराम कार्की | " | ०-४-०-० | | | |
| | " | " | ४ख | | १५ | " | " | नन्दराम आर्मी | " | २-१२-०-० | | | |
| | " | " | ४ख | | २१ | " | " | भिम ब. कार्की | " | २-३-०-० | | | |
| | " | " | ४ख | | २६ | " | " | भैरबहादुर | " | ८-१०-०-० | | | |
| | " | " | ४ख | | २५ | " | " | चन्द्र ब. खत्री | " | ६-४-०-० | | | |
| | " | " | ४ख | | ४५ | " | " | हर्ष बहादुर | " | ४-१२-०-० | | | |
| | " | " | ४ख | | ४० | " | " | रामशरण बस्नेत | " | २-१२-०-० | | | |
| | " | " | ४ख | | ४८ | " | " | सानु बस्नेत | " | २-१०-०-० | | | |
| | " | " | ४ख | | ४३ | " | " | शानु बस्नेत | " | २-३-०-० | | | |
| | " | " | ४ख | | ५८ | " | " | उद्धव ब. थापा | " | ०-१०-०-० | | | |
| | " | " | " | | ६१ | " | " | कान्छि बस्नेत | " | ४-४-२-० | | | |
| | " | " | ४ग | | ६२ | " | " | कृष्ण ब. थापा | " | २-२-२-० | | | |
| | | | " | | ६८ | " | " | कुन्तीनारी थापा | " | ०-८-०-० | | | |

४ ५



497127

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
जग्गाधनी दर्ता प्रमाण पूर्जा

जग्गाधनीको नाम..............................

| प्रमाण संकेत | जिल्ला | नगरपालिका गा.वि.स. | वडा नं. र नक्सा नं. | सिट नं | कित्ता नं. | विवरण घर आवादी पर्ती/पोखरी इत्यादी | जग्गाधनीको हक हिस्सा | मोहीको नाम थर वतन | किसिम वा वर्ग | क्षेत्रफल | मोठ ठेली नं. पाना नं. | कैफियत, व्यहोरा | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठमाडौं | श्री महादेवस्थान | ४ ग | | १०९ | आवादी | पुरा | [illegible] बहादुर | खे.दो. | ०-११-०-० | | | |
| | " | " | ४ ग | | ११० | " | " | डम्बर बहादुर | " | ३-४-२-० | | | |
| | " | " | ४ ग | | १११ | " | " | जितलाल महर्जन | " | १-११-२-० | | | |
| | " | " | ४ ग | | १३१ | " | " | हर्ष बहादुर | " | २-६-०-० | | | |
| | " | " | ४ ग | | ३ | " | " | रामकृष्ण उपाध्याय | मि.अ. | ०-८-०-० | | | |
| | " | " | ४ ग | | ४ | " | " | कृष्ण प्रसाद | " | ३-५-०-० | | | |
| | " | " | ४ ग | | १३ | " | " | हरिनाथ उपाध्याय | " | ३-०-०-० | | | |
| | " | " | ४ ग | | १५ | " | " | मित्रराज गिरी | खे.दो. | ०-३-१-० | | | |
| | " | " | ४ ग | | १६ | " | " | दिप बहादुर थापा | मि.अ. | २-२-०-० | | | |
| | " | " | ४ ग | | १९ | " | " | बाबुलाल श्रेष्ठ | " | ४-१४-०-० | | | |
| | " | " | ४ ग | | २८ | " | " | पदम कुमारी | " | १-५-०-० | | | |
| | " | " | ४ ग | | ३१ | " | " | हर्ष बहादुर | खे.दो. | १-८-०-० | | | |
| | " | " | ४ ग | | ३२ | " | " | कृष्ण लाल श्रेष्ठ | " | १-४-२-० | | | |
| | " | " | ४ ग | | ३५ | " | " | शेर बहादुर | " | ०-११-०-० | | | |

# ३.२ महान्यायाधिवक्ता कार्यालयको कानुनी राय

महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.......................................

रामशाहपथ काठमाडौं

मिति :-.............................

उपरोक्त सैद्धान्तिक एवं कानूनी व्यवस्थाका आधारमा नेपाल ट्रष्टका सम्पत्तिमा मोहीयानी हक सृजना हुने अवस्था नरहने भएवाट, यस्ता जग्गा कमाउने व्यक्तिको मृत्यू भएपछि उसका हकदारमा 'मोहीयानी' हक सर्ने प्रश्न नै उठ्दैन । हकदारमा हक सर्न साविकवाला संग हक कायम रहेको हुनुपर्छ । साविकवाला संग नै हक नभएपछि हकवालामा हक सर्ने अवस्था आउदैन । जहाँसम्म कूतको कुरा छ नेपाल सरकारका जग्गा कमाउन नै नपाउने होइन । तर त्यस्तो कमाउने हक नेपाल सरकारको इच्छामा निर्भर रहने कुरा भएवाट कमाउन दिएको हो भने शर्त बमोजिम नेपाल ट्रष्टले कूत असुल गर्न सक्तछ । ट्रष्टले कूत ठेक्ने कुरा नेपाल सरकारले कमाउने व्यक्ति समेतको सहमतिवाट एकिन गर्ने विषय हो । सहमति हुन नसक्दा वहालमा रहेको नेपाल कानूनका व्यवस्थालाई समेत ध्यानमा राखी नेपाल ट्रष्टले कूत निर्धारण गर्न कुनै व्यवधान रहेको छैन । कमाउने व्यक्तिलाई स्वीकार्य नभए नेपाल ट्रष्टले जग्गाको व्यवस्थापन गर्ने हक निर्बाध रहेको कुरा स्पष्ट हुनाले द्विविधा रहनु हुँदैन ।

हाल ट्रष्टको अधिनमा रहेका जग्गा ट्रष्टका जग्गा हुन वा होइनन भन्ने प्रश्न र ट्रष्टका जग्गामा मोहीयानी हक हुने वा नहुने विषय अलग अलग विषय हुन भन्ने कुरालाई पनि छुटयाएर हेर्नुपर्दछ । हक कायमको प्रश्न र मोहीहकका प्रश्नलाई एउटै कानूनशास्त्रीय दृष्टीकोणबाट हेर्न मिल्दैन ।

हाल ट्रष्टमा आएका भनिएका जग्गाहरु कुन कुन जग्गा वास्तविक ट्रष्टका हुन वा होइनन भन्ने विषय कानूनी नभै नीतिगत प्रश्न रहेको देखिंदा तत्सम्वन्धमा नेपाल सरकारले नीतिगत निर्णय गर्नु पर्ने देखिन्छ ।

२०६६।११।२३

(प्रेमराज कार्की)

नायव महान्यायाधिवक्ता

नायव महान्यायाधिवक्ता

अनुसूचि-५

# महान्यायाधिवक्ताको कार्यालय

(..............राय.............. शाखा)

रामशाहपथ काठमाडौं

मिति :- २०६७/१२/२३

नेपाल ट्रष्टको कार्यालय
दर्ता नं
मिति १२/१२/२८

विषय : कानूनी राय सम्वन्धमा ।

गोप्य

अति जरुरी

[illegible] तथा मन्त्रिपरिषदको कार्यालय
[illegible] सिंहदरवार, काठमाण्डौ ।

[illegible] कार्यालयको प.सं. कानून/०६७/६८, च.नं. १५२, मिति २०६७/१०/६ को [illegible] राजा वीरेन्द्र र निजका परिवारका विभिन्न सदस्यहरुका नाममा रहेका [illegible] ट्रष्टको स्वामित्वमा ल्याउने क्रममा नेपाल ट्रष्ट ऐन, २०६४ को कानूनी [illegible] उत्पन्न भएका कानूनी प्रश्नमा" राय माग भएको व्यहोरा अवगत भयो । [illegible] धमा निम्न राय प्रेषित गरिएको व्यहोरा अनुरोध गर्दछु ।

[illegible] मोही सहित नेपाल ट्रष्टको स्वामित्वमा आएका जग्गामा भूमी सम्वन्धी [illegible] धन सहित) को मोहीको हक रहने वा नरहने भन्ने सम्वन्धमा, मोहीहक [illegible] लाई कुनै किसिमको नकारात्मक असर नपार्ने गरी स्वामित्ववाला व्यक्ति [illegible] प्राप्त गरेको कानूनी कव्जा र उत्पादनका लागि उपभोग गर्न पाउने [illegible] भूमी सम्वन्धी ऐन, २०२१ (संशोधन सहित) ले कुनै व्यक्तिलाई सो उद्देश्य [illegible] खल गर्न नपाइने व्यवस्था गरेको हो । यस अर्थमा मोहीयानी एक [illegible] दाइत्व पनि हो । करारको दृष्टीकोणवाट हेर्दा करारीय दाइत्व 'सिमित' [illegible] । यो पूर्ण वा शर्तरहित अधिकार होइन । मोहीयानीको सामान्य कानून [illegible] नै हो र यसको व्यवस्था यसै सिद्धान्त भित्र रहेर गर्नु पर्छ ।

[illegible] सम्पत्तिमा मोहीयानी हक रहने वा नरहने भन्ने तर्फ विचार गर्दा सुर्वप्रथम [illegible] सम्पत्तिको स्रोतलाई हेर्नुपर्ने हुन्छ । नेपाल ट्रष्टका सम्पत्तिहरु राजा वीरेन्द्र, [illegible] निजका परिवारको देहावसान पछि प्राप्त भएका सम्पत्ति हुन । ऐनको दफा [illegible] सम्पत्तिको व्यवस्थापन र संचालनका लागि यो ट्रष्ट गठन भएको किटानी [illegible] । अतः त्यस्ता सम्पत्तिको स्वामित्व ट्रष्टमा रहेको कुरा विवाद छैन । [illegible] व्यवस्थापन र संचालन पनि ट्रष्टमा नै निहित गरेवाट कानूनी कव्जा ( [illegible] व्यवस्थापन (भोगाधिकार) पनि ट्रष्टमा नै निहित रहेको स्पष्ट छ । दफा [illegible] सरह चल अचल सम्पत्ति प्राप्त गर्न भोगचलन गर्न, वेचविखन गर्न [illegible] सले व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको हुनाले ट्रष्टको स्वामित्वमा [illegible] स्वामित्वका कुनै अंकुश (encumberance) पनि छैन । अर्थात ट्रष्टको [illegible] पूर्ण (Absolute) छ ।

[illegible] ४-२४०२१०, ४-२१२०४७, फ्याक्स : ४-२६[illegible], ४-२१८०५१

रामशाहपथ काठमाडौं

मिति :-..........................

उपरोक्त सम्पूर्णताको सिद्धान्तलाई ऐनको दफा ४(३) पुनर्पुष्टी गरेको छ । ट्रष्ट ऐनको दफा ४(१) मा वर्णित सम्पत्तिमाथि कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हकदावी पुग्ने छैन र त्यस्तो सम्पत्तिमा अंश, अपुताली सम्बन्धी कानून बमोजिम कसैको हकदावी पुग्ने छैन वा हकदावी सृजना हुने छैन भन्ने व्यवस्था गरेको छ । यस व्यवस्थावाट के स्पष्ट छ भने ट्रष्टको सम्पत्तिमा कुनै किसिमको हकदावी कसैवाट हुन सक्दैन ।

३. ट्रष्टको स्थापना व्यवस्थापिकावाट निर्मित कानूनवाट भएको हो भन्ने कुरामा विवाद छैन । अतः ट्रष्ट अविच्छिन्न उतराधिकारीवाला स्वशासित भएतापनि नेपाल सरकारको हक हित वा सरोकार गांसिएको निकाय हो । ट्रष्टको विगठन हुँदा सम्पत्ति सकार गर्ने संस्था नेपाल सरकार नै हो । भूमि सम्बन्धी ऐन, २०२१ को दफा २५ को उपदफा ५ को खण्ड (ग) ले नेपाल सरकारको स्वामीत्व भएको जग्गा कमाउने व्यक्तिलाई मोहीहक प्राप्त नहुने व्यवस्था गरेको छ । ऐजन ऐनको दफा २६ ले मोहीहक मोहीको शेष पछि निजका हकदारमा सर्ने भएपनि, नेपाल ट्रष्ट ऐन २०६४ को दफा ४(३) बमोजिम यस ट्रष्टका नाममा रहेका सम्पत्तिमा अंश वा अपुतालीवाट कुनै व्यक्तिको हक सृजना हुन नसक्ने व्यवस्थापनि स्पष्ट छ ।

उपरोक्त कानूनी प्रावधानवाट नेपाल सरकारको स्वामित्व रहेका जग्गामा मोहीहरुको हक सृजना हुँदैन भन्ने स्पष्ट हुन्छ । यस्ता जग्गा नेपाल सरकारले कमाउन कुनै व्यक्तिलाई दिएको रहेछ भने पनि, त्यस्तो व्यक्तिले मोही हकको दावी गर्न पाउँदैन । कसैले कमाउन लिंदाका अवस्थामा नै उसले मोहीहक नपाउने वा मोही हक दाबी नगर्ने अव्यक्त करार निजले गरेको हुन्छ । ट्रष्ट नेपाल सरकारको अभिन्न अंग हो भन्ने कुरा यसको सृजना ऐनवाट नै भएको र यो संस्था लिमिटेड कम्पनी जस्तो सिमित दायित्वमा आधारित संस्था होइन । अलग ट्रष्टको रुपमा यसको गठन केवल सरकारको सुविधाको लागि मात्र हो ।

४. नेपाल ट्रष्टका सम्पत्तिहरुको स्रोत नेपाल ट्रष्ट ऐन, २०६४ को प्रस्तावनावाट नै स्पष्ट छ । तत्कालिन राजा वीरेन्द्र नेपालका तत्कालिन महाराजाधिराज भएको र नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (फ) ले महाराजाधिराजलाई श्री ५ को सरकार जनाएको कुरामा पनि विवाद छैन । अतः महाराजाधिराजका नाममा रहेका जग्गा श्री ५ को सरकारका जग्गा हुन भन्ने कुरामा पनि द्विविधा छैन । नेपाल गणतन्त्रको घोषणा भएपछि श्री ५ को सरकार भन्ने समाप्त भई नेपाल सरकारको प्रचलन शुरु भएको सर्वविदित छ । नेपाल ट्रष्ट ऐन, २०६४ अन्तर्गत नेपाल ट्रष्टका नाममा रहेका जग्गा अन्ततः नेपाल सरकारका स्वामित्वका सम्पत्ति हुन भन्ने कुरामा पनि विवाद देखिंदैन ।

फोन ४-२६२३९४ ४-२६२६९५, ४-२४०३१०, ४-२१२०४७, फ्याक्स : ४-२६२५८२, ४-२१८०५१

## ३.३ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नेपाल ट्रष्टका नाममा दर्ता भएका तत्कालीन राजपरिवारका विभिन्न सदस्यहरुको नाममा रहेका साविकका फर्मायसी बिर्ता जग्गाहरु सम्बन्धित जग्गा कमाउने जोताहा/मोहीका नाममा दर्ता गर्नेबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पेश गरेको प्रस्ताव

९/२३
०६९/८/१६

अनुसूचि-३

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विषयः हाल नेपाल ट्रष्टका नाममा दर्ता भएका तत्कालिन राजपरिवारका विभिन्न सदस्यहरुको नाममा रहेका साविकका फर्मायसी विर्ता जग्गाहरु सम्बन्धित जग्गा कमाउने जोताहा/मोहीका नाममा दर्ता गर्ने ।

प्रस्ताव पेश गर्न प्रधानमन्त्रीबाट स्विकृति प्राप्त मितिः २०६९।५।१

१. विषयको संक्षिप्त व्यहोराः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा (१) मा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको सम्पत्ति नेपाल सरकार मातहत ल्याइ ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गरिनेछ भन्ने व्यवस्था रहेको छ । उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न मिति २०६४।९।२२ देखि नेपाल ट्रष्ट ऐन, २०६४ लागू भएको छ । सो ऐनको दफा ४ मा कस्तो प्रकृतिको सम्पत्तिमा नेपाल ट्रष्टको हक कायम हुने भन्ने सम्बन्धमा विस्तृत व्यवस्था छ । उक्त ऐनमा ट्रष्टको सम्पत्ति उपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हक वा दावी पुग्ने छैन भन्ने व्यवस्था छ । नेपाल ट्रष्टको नाममा कायन भएका मध्ये विभिन्न जग्गाहरुको प्रकृति हेर्दा तत्कालीन राजपरिवारका विभिन्न सदस्यहरुको नाममा रहेको विर्ता जग्गाहरु रहेको देखिन्छ । तत्कालीन समयमा नारायणहिटी दरबार तहसील अड्डाबाट मोहीको हैसियतमा जग्गा कमाउन पाई फिल्ड बुकको किसानको महलमा उल्लेखित व्यक्तिहरुले जग्गा खन जोत भोग गरी आएको तथा घर संरचना समेत बनाई बसोबास गरी आएको अवस्था छ । फिल्ड बुकको किसानको महलमा उल्लेखित व्यक्तिहरुले तत्कालीन राजपरिवारका विभिन्न सदस्यहरुलाई तिरो आयस्ता बुझाउदै आएकोमा तत्कालीन श्री ५ महाराजाधिराजका प्रमुख सचिवबाट प्राप्त भएको सूचना भनी नेपाल राजपत्र भाग-४, मिति २०२६।६।१३ मा अर्थ मन्त्रालयको नामबाट एक सूचना प्रकाशन भएकोले सो वमोजिम तत्कालीन राजपरिवारको सदस्यहरुको साविकको सबै विर्ता जग्गाहरु रैकरमा परिणत गरी साविक के मोहीहरुका नाममा दर्ता गरिदिनु पर्नेमा अधिकांश जग्गाहरु रैकरमा परिणत भएपनि तत्कालीन श्री ५ महाराजाधिराजको स्वकीय सचिवालयको ठाडो पत्रको आधारमा आफु खुशी छनौट गरिएका केही कित्ता जग्गाहरु २०४६।५।९ मा तत्कालीन श्री ५ महाराजधिराजका नाममा दर्ता भएको अवस्था समेत देखिन्छ । मोहीहरुका नाममा रैकर परिणत गरी दर्ता हुनु पर्ने त्यस्ता प्रकृतिका जग्गाहरुमा नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम नेपाल ट्रष्टको हक कायम हुन नसक्ने । विर्ता उन्मुलन ऐन २०१६, विर्ता उन्मुलन नियमावली २०१७ तथा उक्त २०२६।६।१३ नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना समेतको आधारमा सम्बन्धित जग्गा कमाउने मोहीको नाममा हक कायम हुने देखिएको हुँदा

१

यस सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाटै आवश्यक नीतिगत निर्णय लिनु पर्ने अवस्था देखिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराहरु:

नेपाल ट्रष्टको कार्यालयबाट गठित डा. शिव कुमार गिरीको मिति २०६७ को प्रतिवेदन अनुसार माथि उल्लेखित प्रकृतिका जग्गाहरु सम्बन्धित मोहीकै नाममा दर्ता श्रेस्ता कायम गर्न कानून संशोधन तथा अन्य उपयुक्त प्रवन्ध हुनुपर्ने भनी सिफारिश गरिएको देखिन्छ । यसै गरी हाल ट्रष्टको अधीनमा रहेका जग्गा वास्तविक ट्रष्टका हुन् वा होइनन् भन्ने विषय कानूनी नभई नीतिगत प्रश्न रहेको देखिदा तत्सम्बन्धमा नेपाल सरकारले नीतिगत निर्णय गर्नुपर्ने भनी महान्यायाधिवक्ताबाट मिति २०६७।१२।२३ मा राय प्राप्त भएको छ । यसै गरी भूमीसुधार तथा व्यवस्था मन्त्रालय (विभागीय मन्त्रिस्तर) को मिति २०६८।१२।१३ को निर्णय अनुसार गठित एक समितिले मिति २०६९ सालमा बुझाएको प्रतिवेदनमा समेत नेपाल सरकार मन्त्रिपरिषद्ले नीतिगत निर्णय गरी त्यस्ता जग्गामा नेपाल ट्रष्टको नामको दर्ता कट्टा गरी मोहीको नाममा दर्ता कायम गर्नु पर्ने भनी सुझाव दिएको देखिन्छ । कानून तथा न्याय मन्त्रालयको मिति २०६९।३।२२ को रायमा पनि सो जग्गाका सम्बन्धमा नीतिगत निर्णय लिन सकिने भनी उल्लेख भई आएको छ ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सिफारिश:

माथि उल्लेखित प्रकृतिको जग्गाहरुको हकमा प्रचलित विर्ता उन्मूलन ऐन, २०१६, विर्ता उन्मुलन नियमावली, २०१७ भूमी सम्बन्धी ऐन, २०२१, नेपाल राजपत्रमा मिति २०२६।६।१३ मा प्रकाशित सूचना समेतको आधारमा नेपाल ट्रष्टको नाममा कायम भएको दर्ता स्रेस्तालाई सच्चाई सम्बन्धित जग्गा कमाउने मोहीकै नाममा प्रचलित कानून बमोजिम आवश्यक छानवीन गरी दर्ता स्रेस्ता कायम गर्न पर्ने देखिएमा दर्ता स्रेस्ता कायम गर्नको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाटै नीतिगत निर्णय हुन भनी राय परामर्श प्राप्त भएको देखिदा नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूचि १ को विषय संख्या १६ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा:

(क) विर्ता उन्मुलन ऐन, २०१६ विर्ता उन्मुलन नियमावली, २०१७ र मिति २०२६।६।१३ को नेपाल राजपत्र भाग ४ मा अर्थ मन्त्रालयको सूचना बमोजिम विभिन्न निकायहरुबाट मोहीका नाममा दर्ता भएको तत्कालीन राजपरिवारका विभिन्न सदस्यहरुको नामको साविकको फर्मायसी विर्ता जग्गा पुन: तत्कालीन श्री ५ महराजाधिराजका नाममा दर्ता

भएको आधारमा नेपाल ट्रष्टको नाममा दोहोरो दर्ता भएको जग्गाको हकमा दोहोरो दर्ता कट्टा गरी पाउ भनी सम्बन्धित मोही वा निजको हकदारले निवेदन दिएमा निज वा निजको दाताको नाममा दर्ता भएको हो होइन ? यकीन गरी साविकमा निज वा निजको दाताको नाममा दर्ता भएको देखिई नेपाल ट्रष्टको नामको दर्ता कट्टा गरी सम्बन्धित व्यक्तिको नाममा दर्ता कायम गर्नु पर्ने छानवीन तथा प्रमाणबाट देखिएमा प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी नेपाल ट्रष्टको नामको दर्ता कट्टा तथा सम्बन्धित व्यक्तिको नाममा दर्ता कायम गरी सम्बन्धित मालपोत कार्यालयले श्रेस्ता सच्चाउने ।

(ख) विर्ता उन्मूलन ऐन, २०१६, विर्ता उन्मूलन नियमावली, २०१७ तथा मिति २०२६।६।१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित अर्थ मन्त्रालयको सूचना समेतको आधारमा तत्कालीन राज परिवारका विभिन्न सदस्यहरुको नाममा साविकको फर्मायसी विर्ता कायम भएको जग्गा सम्बन्धित जग्गा कमाउने जोतहा/मोही वा निजको प्रचलित कानून बमोजिमको हकदारका नाममा हक कायम गरी दर्ता स्रेस्ता कायम गर्नु पर्ने प्रकृतिको जग्गा भए प्रचलित कानून बमोजिम आवश्यक छानवीन गरी निज जोताहा वा निजको प्रचलित कानून बमोजिमको हकदारका नाममा हक कायम गर्न नेपाल ट्रष्टको नाममा कायम भएको दर्ता स्रेस्ता सच्चाई निजको नाममा दर्ता गर्ने ।

(ग) माथि (क) र (ख) मा उल्लेखित जग्गा सम्बन्धित व्यक्तिहरुका नाममा दर्ता रैकर परिणत गर्दा सो वापत लाग्ने शूल्क र दस्तुर असुल गर्ने र सो प्रयोजनको लागि आ.व. २०२६।२७ देखिको भूमिकर असूल गर्नका लागि सम्बन्धित स्थानीय निकायमा पत्राचार गरी सो असूली भएको जानकारी प्राप्त भएपछि जग्गा धनी दर्ता स्रेस्ता तयार गरी सम्बन्धित व्यक्तिलाई जग्गा धनी प्रमाण पूर्जा वितरण गर्ने ।

( जयमुकुन्द खनाल )
सचिव

मिति: २०६९।५।३

# ३.४ मन्त्रिपरिषद् विधेयक समितिको बैठकबाट भएको निर्णयको बेहोरा

अनुसूचि-४

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

(मं.प.समिति तथा सं.निकाय शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या : मं.प.सं.नि ०६९

चलानी नं. : १५६

मिति : २०६९।७।१

श्री सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

मिति २०६९।७।२ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु -

"हाल नेपाल ट्रष्टका नाममा दर्ता भएका तत्कालिन राजपरिवारका विभिन्न सदस्यहरूको नाममा रहेका साविकका फर्मायसी विर्ता जग्गाहरू सम्बन्धित जग्गा कमाउने जोताहा/मोहीका नाममा दर्ता गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।२५-०६९।५।५ को प्रस्तावमा मं.प.बै.सं. ३१।०६९ मिति २०६९।५।११ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।" निर्णय भएअनुसार उक्त विषय मिति २०६९।५।२५ को बैठकमा छलफल हुँदा नेपाल ट्रष्टको कार्यालयका सचिवको संयोजकत्वमा सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सहसचिव, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सहसचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय रहेको उपसमिति गठन गर्ने र उक्त उप समितिले नेपाल ट्रष्टको नाममा रहेका प्रस्तावमा उल्लेखित फर्मायसी विर्ता जग्गाहरू सम्बन्धित जग्गा कमाउने जोताहा/मोहीका नाममा दर्ता गर्ने सम्वन्धमा विद्यमान कानुनी व्यवस्थासमेतको अध्ययन गरी १ (एक) महीना भित्र यस समिति समक्ष प्रतिवेदन पेश गर्ने । निर्णय भएअनुसार उक्त उपसमितिले पेश गरेको प्रतिवेदन समेतमा आजको बैठकमा छलफल हुँदा प्रस्तावमा उल्लिखित प्रकृतिका जग्गाहरूको हकमा प्रचलित विर्ता उन्मूलन ऐन, २०१६, विर्ता उन्मूलन नियमावली, २०१७, भूमि सम्बन्धी ऐन, २०२१, नेपाल राजपत्रमा मिति २०२६।६।१३ मा प्रकाशित सूचना समेतको आधारमा त्यस्तै प्रकृतिका अधिकांश जग्गाहरू २०२६ साल पश्चात् त्यस्ता जग्गा कमाउने मोही/जोताहाका नाममा दर्ता भै सकेको सन्दर्भमा समेत विचार गर्दा सोही प्रकृतिका जग्गाहरू कमाउने केही मोही/जोताहाका नाममा दर्ता हुन नसकी २०६४ पछि नेपाल ट्रष्टका नाममा कायम भएको दर्ता स्रेस्तालाई सच्चाई सम्बन्धित जग्गा कमाउने मोही कै नाममा प्रचलित कानून बमोजिम आवश्यक छानविन गरी दर्ता स्रेस्ता कायम गर्नु पर्ने दोखिएमा दर्ता स्रेस्ता कायम गर्नको लागि हाल ट्रष्टमा आएका भनिएका जग्गाहरू कुन कुन जग्गाहरू वास्तविक ट्रष्टका हुन् वा होइनन् भन्ने विषय कानूनी नभै नीतिगत प्रश्न रहेको देखिंदा नेपाल सरकार मन्त्रिपरिषद्बाटै नीतिगत विर्णय हुन भनी महान्यायधिवक्ताको कार्यालयबाट प्राप्त निर्णयको आधारमा सो वमोजिम हुन प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

( राजुमानसिंह मल्ल )
का.मु.सचिव

फोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०६३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ईमेल : info@opmcm.gov.np

## ३.५ नेपाल ट्रष्ट स्वामित्वको जग्गा मालपोत कार्यालय कलंकीबाट मोहीको नाममा नामसारी भई श्रेष्ता कायम गरिएको जग्गाको विवरण

अनुसूचि-५

फोन नं.४-२७११७८

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
**मालपोत कार्यालय, कलंकी**

पत्र संख्याः प्रशासन/०७२/०७३
चलानी नं. ८२३

मितिः२०७२।०४।१८

विषयः विवरण सम्बन्धमा।

श्री नेपाल ट्रष्टको कार्यालय
दरवारमार्ग, काठमाण्डौ ।

उपर्युक्त विषयमा तहाँको प.सं.०७२/०७३, च.नं.११७ मिति २०७२।०५।१४ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो ।

साविकका मोहीको नाममा रहेको तपसिलका जग्गाहरू हाल निज तथा निजका हकदारहरूको नाममा श्रेस्ता कायम हुन गएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिल जग्गा

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा दर्ता हुने व्यक्तिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | था.महादेव | ४/ग | १०१ | ०-११-०-० | गंगामाया बलामी, राज कुमार बलामी र कुमार बलामी | |
| २. | था.महादेव | ४/ख | ३ | ०-१०-२-० | गोपाल श्रेष्ठ | |
| ३. | था.महादेव | ४/क | ४७ | २-१५-०-० | सुदन बस्नेत | |
| ४. | था.महादेव | ४/ग | १३७ | १-०-०-० | सानुमैया बलामी, जयकृष्ण बलामी, राज कुमार बलामी र राजेश बलामी | |
| ५. | था.महादेव | ४/ख | ४२ | १-६-०-० | सुकुचा महर्जन | |
| ६. | था.महादेव | ४/ख | २० | ०-११-२-० | धन बहादुर महर्जन | |
| ७. | था.महादेव | ४/ख | १६ | १-४-०-० | काजिलाल महर्जन | |
| ८. | था.महादेव | ४/ख | ३६ | ४-१०-०-० | कृष्ण बहादुर बस्नेत | |
| ९. | था.महादेव | ४/ग | २४ | १-७-०-० | चिरन्जिवी सुवेदी | |
| १०. | था.महादेव | ४/क | ६१ | ४-५-०-० | इन्द्र कुमारी खत्री | |
| ११. | था.महादेव | ४/ग | ७० | ३-९-०-० | इन्द्र बहादुर थापा | |
| १२. | था.महादेव | ४/ख<br>४/ख | १७<br>३२ | १-७-०-०<br>०-६-०-० | काजिलाल महर्जन | |
| १३. | था.महादेव | ४/क | २६ | ७-६-०-० | नारायण बहादुर खत्री, लक्ष्मी खत्री, सुरज के.सी.खत्री र राजन कुमार खत्री | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | था.महादेव | ४/क | ४९ | २-२-०-० | कालु भन्ने विष्णु बस्नेत | |
| १५. | था.महादेव | ४/ग | १ | ०-४-०-० | कृष्ण प्रसाद, अच्युत प्रसाद, माधव प्रसाद, समिर, कुसुम रेग्मी-५ समेत | |
| १६. | था.महादेव | ४/क | ४८ | ३-१-०-० | सानु बस्नेत | |
| १७. | था.महादेव | १/क | २५० | ५-६-०-० | मेक बहादुर बानिया | |
| १८. | था.महादेव | १/क | ३८ | १-९-०-० | शम्भु विक्रम वानिया | |
| १९. | मातातिर्थ | १/क | २९ | १-६-२-० | झंक बहादुर भण्डारी | |
| २०. | मातातिर्थ | १/क<br>१/क | १७<br>१९ | १-२-०-०<br>१-३-०-० | सिताराम सुर्खेती, ध्रुब बहादुर सार्की, अमृत सार्की र कुमार सार्कि समेत-४ | |
| २१. | मातातिर्थ | १/क | १३७ | १-९-०-० | शम्भु विक्रम वानिया, कैलाश विक्रम वानिया, राजेन्द्र विक्रम वानिया | |
| २२. | मातातिर्थ | १/क | १०५ | ०-१३-०-० | शम्भु विक्रम वानिया, कैलाश विक्रम वानिया, राजेन्द्र विक्रम वानिया | |
| २३. | मातातिर्थ | १/क | ७३ | ५-१२-०-० | कैलाश विक्रम वानिया | |
| २४. | मातातिर्थ | १/क | ८३ | १-१२-२-० | ठूली सुर्खेती सार्की, देव बहादुर सुर्खेती | |
| २५. | मातातिर्थ | १/क | ५१ | १-१-२-० | राम कुमार खत्री के.सी.,पुष्कर के.सी. खत्री, देवेन्द्र के.सी.,श्रीराम के.सी. | |
| २६. | मातातिंर्थ | १/क<br>१/क | २०८<br>२१२ | १-६-०-०<br>१-४-२-० | धल्के सार्की, अमृत सार्की समेत-२ | |
| २७. | मातातिर्थ | १/ख | ९५ | ०-६-०-० | गंगाराम श्रेष्ठ | |
| २८. | मातातिर्थ | १/क<br>१/क | २४३<br>२५८ | ४-१०-०-०<br>२-१०-०-० | शम्भु विक्रम वानिया, कैलाश विक्रम वानिया, राजेन्द्र विक्रम वानिया | |
| २९. | मातातिर्थ | १/क | १२१ | ०-७-२-० | दिल कुमार मिजार, कान्छो मिजार, बच्ची सुर्खेती | |
| ३०. | मातातिर्थ | १/ख | ९० | २-७-०-० | गंगादेवी बखती | |
| ३१. | मातातिर्थ | १/ख | ७१ | १-८-०-० | राम बहादुर शाही, हेरा बहादुर शाही-२ | |
| ३२. | मातातिर्थ | १/क | ५४ | १-१४-२-० | सुमित्रा भण्डारी, सागर भण्डारी, सनत भण्डारी,सुदिप भण्डारी समेत-४ | |
| ३३. | मातातिर्थ | १/क | २४५ | २-३-०-० | भिमसेन बहादुर खवास, माईला खवास, साईलो खवास समेत-३ | |
| ३४. | सतुंगल | १/क | ११ | १-६-१-० | अशोक महर्जन, आशालाल महर्जन, चिरीबाबु महर्जन, समेत-३ | |
| ३५. | था.महादेव | ४/ग | ७३ | १-१२-०-० | कृष्ण बहादुर थापा | |
| ३६. | था.महादेव | ४/ख | ४३ | १-७-०-० | तरिभाई महर्जन, सानुकाजी महर्जन, न्हुच्छे बहादुर महर्जन, सुरज महर्जन, सयै महर्जन र अविल महर्जन | |
| ३७. | बालाजु हाल इचंगु | ८/क<br>८/क | १८<br>२१ | ०-४-१-०<br>०-६-०-० | सेते तामाङ्ग भन्ने तेज बहादुर तामाङ्ग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ८/०९८२-०७<br>८/०९८२-०७ | २४<br>३ | मध्ये ट्रेश अनुसार<br>मध्ये ट्रेश अनुसार | | |
| ३८. | बालाजु हाल इचंगु | ८/क<br>८/०९८२-१३ | ३९ | ०-५-०-०<br>००.१२०व.मी. | प्रेमा लामा, सोमराज लामा | |
| ३९. | था.महादेव | ४/ख | ४१ | ०-१३-२-० | भाईचा महर्जन | |
| ४०. | था.महादेव | ४/ग | ३९ | ०-११-०-० | मान बहादुर श्रेष्ठ | |
| ४१. | था.महादेव | ४/क | १३ | ०-३-०-० | कृष्ण सुनुवार | |
| ४२. | था.महादेव | ४/क | २९ | ७-४-०-० | बम बहादुर खत्री, तिर्थ बहादुर खत्री, धर्मराज खत्री समेत-३ | |
| ४३. | था.महादेव | ४/ख<br>४/ग<br>४/ग | ५८<br>३१<br>१३१ | २-११-०-०<br>१-८-२-०<br>२-६-०-० | चक्र बहादुर श्रेष्ठ, विनायस श्रेष्ठ | |
| ४४. | था.महादेव | ४/ख<br>४/ख | २५<br>४९ | १-९-१-०<br>१-३-०-० | श्रीकृष्ण श्रेष्ठ, हरिकृष्ण श्रेष्ठ | |
| ४५. | था.महादेव | ४/क | १९ | २-५-०-० | शुभलक्ष्मी, राधाकृष्ण, नहकुल, सहदेव, पूर्ण बहादुर सुनार | |
| ४६. | मातातिर्थ | १/क | २०७ | १-०-०-० | केदार थापा | |
| ४७. | मातातिर्थ | १/ख | १११ | २-८-०-० | सिताराम सुर्खेती | |
| ४८. | था.महादेव | ४/ग | १५ | ०-८-२-० | मिठाराम गिरी | |
| ४९. | बालाजु<br>बालाजु<br>बालाजु<br>बालाजु<br>हाल इचंगु | ८/क<br>८/क<br>८/क<br>८/क<br>८/०९८२-०७<br>८/०९८२-०७<br>८/०९८२-०७<br>८/०९८२-०७ | १२<br>२८<br>३०<br>३४<br>१३<br>४०<br>३७<br>४७ | ०-३-१-०<br>०-१-२-०<br>०-६-०-०<br>०-२-०-०<br>००८२.००<br>००३१४.००<br>००९३.४०<br>००४९.६० | भिम बहादुर सुवेदी<br>पूरा<br>मध्ये ६४ वर्ग मीटर<br>व.मी पुरा<br>व.मी.पुरा | |
| ५०. | बालाजु<br>हाल इचंगु | ८/क<br>८/०९८२-१३ | १६४<br>१४३ | ०-३-३-०<br>९१८२६.९३व.मी. | रामलाल लामा<br>मध्ये ००११९.२२व.मी. जाने | |
| ५१. | बालाजु<br>बालाजु<br>हाल इचंगु | ८/क<br>८/क<br>८/०९८२-०८<br>८/०९८२-०८ | २२<br>५०<br>४<br>३० | ०-९-०-०<br>०-५-३-०<br>००२४४.१० पुरा<br>००१२०.५० पुरा | एक्का बहादुर बलामी | |
| ५२. | बालाजु<br>बालाजु<br>हाल इचंगु | ८/क<br>८/क<br>८/०९८२-०८<br>८/०९८२-०८ | २४<br>४३<br>६ मध्ये<br>१८ | ०-१२-१-०<br>०-५-३-०<br>००४६५.९५<br>मध्ये १८२.८० | राज बहादुर नगरकोटी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५३. | बालाजु<br>बालाजु<br>हाल इचंगु | ८/क<br>८/क<br>८/०९८२-०८<br>८/०९८२-०८ | २५<br>४४<br>६ मध्ये<br>१८ | ०-८-१-०<br>०-२-२-०<br>००२७०.२५व.मी.<br>मध्ये [illegible] व.मी. | सन्त बहादुर नगरकोटी | |
| ५४. | बालाजु | ८/क | ३१० | ०-३-०-० | साईली तामाङनी भन्ने सुकुमाया लामा | |
| ५५. | बालाजु<br>हाल इचंगु | ८/क<br>८/०९८२-१३<br>८/०९८२-१३<br>८/०९८२-१३ | १२३<br>४२<br>४१<br>१४३ | १-०-१-०<br>मध्ये ५५.६५व.मी.<br>मध्ये २९४.१५व.मी.<br>मध्ये २३.८५ व.मी. | ठुली तामाङ र सानु कान्छी तामाङ | |
| ५६. | बालाजु<br>बालाजु<br>हाल इचंगु | ८/क<br>८/क<br>८/०९८२-०८<br>८/०९८२-०८<br>८/०९८२-०८<br>८/०९८२-०८ | ४६<br>५६<br>१५<br>२८<br>२९<br>३२ | ०-१२-२-०<br>१-३-०-०<br>००३९६.४०<br>००३७५.२०<br>००१५७.५०<br>००११४.०० | गोविन्द बलामी | |
| ५७. | था.महादेव | ४/क | ४५ | ६-६-०-० मध्ये | श्रीराम थापा, कृष्ण कु.थापा, गोविन्द थापा समेत | |
| ५८. | था.महादेव | ४/ग | १९ | ५-७-१-० | पुर्णमाया श्रेष्ठ | |
| ५९. | बालाजु<br>बालाजु<br>हाल इचंगु | ८/क<br>८<br>८/०९८२-०८ | ४७<br>४९<br>२६ | ०-१४-२-०<br>०-२-०-०<br>४८३<br>मध्ये ००६३.५८.१५<br>३६५.५८ हा.सा.हुने | यज्ञ बहादुर नगरकोटी बलामी | |
| ६०. | मातातिर्थ | १/क | २०४ | ०-२-०-० | सावित्री कार्की, सरस्वती खत्री, भगवती महत, लक्ष्मी सुवेदी,राधिका गोतामे-५ | |
| ६१. | था.महादेव | ४/क | २१ | २-४-०-० | कान्छी वानिया, नवराज वानिया, नविन वानिया समेत-३ | |
| ६२. | मातातिर्थ | १/ख | ७४ | १-३-०-० | शारदा आचार्य | |
| ६३. | मातातिर्थ | १<br>१ | ४४<br>२०६ | २-१४-०-०<br>१-१०-०-० | दोरङ्गे सार्की | |
| ६४. | मातातिर्थ | १/ख | ७५ | १-८-०-० | लक्ष्मी बहादुर शाही | |

२०६२।८।१६

प्रेम प्रसाद दाहाल
मालपोत अधिकृत

अनुसूची– चार

# नेपाल ट्रष्टको कार्यालयको संगठन संरचना




सचिव
(सामान्य प्रशासन)

अनुसूची- पाँच

## नेपाल ट्रष्टको सम्पत्ति रहेका जिल्लाहरू




**संकेत चिन्ह**

काठमाण्डौ, भक्तपुर, ललितपुर ,काभ्रे, नुवाकोट, धादिङ चितवन, पोखरा, मकवानपुर ,धनकुटा, सिन्धुपाल्चोक र सुर्खेत

अनुसूची- छ

# नेपाल ट्रष्टले सघन सम्पत्ति खोजबिन कार्यक्रम सम्पन्न गरेका जिल्लाहरू



अनुसूची– सात

# नेपाल ट्रष्टअन्तर्गत रहेका सम्पत्तिको अध्यक्षज्यू लगायत पदाधिकारीबाट भएका निरीक्षणका तस्वीरहरू























नेपाल सरकार
**नेपाल ट्रष्टको कार्यालय**
कमलादी, काठमाडौं, नेपाल ।
Kamaladi, Kathmandu, Nepal
Phone : +977-1-4227759, Fax : +977-1-4227758
Email: admin@nepaltrust.gov.np
WEB : www.nepaltrust.gov.np